परिच्छेद : एक

# शोध परिचय

## १.१ विषय परिचय

आधुनिक नेपाली साहित्य जगत्मा जगदीश घिमिरे उपन्यासकारका रूपमा परिचित छन् । वि.सं. २०२७ मा प्रकाशित लिलाम उपन्यासबाट सुरु भएको घिमिरेको औपन्यासिक यात्रा वि.सं. २०६९ सम्म पनि कायमै रहेको थियो । यस क्रममा उनका **लिलाम** (२०२७), **साबिती** (२०३२) र **सकस** (२०६९) गरी हालसम्म तीन वटा उपन्यास प्रकाशित छन् ।

जगदीश घिमिरेको उपन्यास प्रगतिवादी चिन्तनबाट प्रभावित देखापर्दछ । उनका उपन्यासमा नवीन शिल्प, नवीन विचार, नवीन संरचना, नवीन कथानक, कल्पना आदिलाई प्राथमिकता दिइएको छ । प्रचलितभन्दा पृथक् संरचनाका उपन्यास लिएर नेपाली साहित्यको उपन्यास विधामा प्रवेश गरेका घिमिरेका प्रारम्भिक उपन्यासहरूमा दुरूहता र क्लिष्टता पाइन्छ । २०४० को दशकमा लेखिएका उनका उपन्यास मानवीय जीवनमा अस्तित्वको प्रश्न, त्यसबाट उत्पन्न समस्या, प्रेमजन्य विकृति र विवाहित र अविवाहित नारी मनस्थिति, आर्थिक अभावबाट उत्पन्न समस्या, बेरोजगारी र त्यसबाट सिर्जित अन्य सामाजिक समस्या, रहस्यात्मकता सहरिया दुष्प्रवृति, यौनजन्य समस्या आदि अनेक विषयवस्तुको मार्मिक अभिव्यञ्जना गरिएको छ (न्यौपाने, २०७० : १) ।

जगदीश घिमिरेका उपन्यासमा विभिन्न आधारमा शोधकार्य भए पनि ती उपन्यासमा प्रयुक्त आञ्चलिकताको अध्ययन भएको पाइँदैन । उपन्यासको परिवेशको सामान्य चर्चा गरेको पाइने भए पनि त्यस सम्बन्धी गहन अध्ययन हुन सकेको देखिंदैन । त्यसैले यस शोध कार्यमा जगदीश घिमिरेका उपन्यासमा आञ्चलिकता भन्ने मुख्य विषय बनाइएको छ ।

जगदीश घिमिरे आञ्चलिक उपन्यासकार हुन् । उनले उपन्यासका कथामा स्थान विशेषको चित्रणमा विशेष रूचि राखेको पाइन्छ । घिमिरे सामाजिक परिवेश अनुरूपको

घटनाक्रमलाई जीवन्तता दिन सफल छन् । उनका उपन्यासभित्र सुरुका कथा मनोविश्लेषण प्रधान भएकाले तिनमा आन्तरिक परिवेश बढी चित्रित देखिन्छ भने बाह्य परिवेश निर्माणमा ध्यान दिन सकिरहेको देखिँदैन तर पछिका कथामा बाह्य तथा आन्तरिक दुवै परिवेश निर्माण गरेर पात्रलाई विश्वसनीय र कलात्मक बनाउन उनी सफल भएका छन् । उपन्यासभित्रका केही कथा सहरी परिवेश, केही ग्रामीण परिवेश र केही विदेशी भूमिको परिवेशसँग सबन्धित छन् । उनका सहरी परिवेशमा भारतका विभिन्न सहर तथा ग्रामीण परिवेशमा तराई क्षेत्रका स्थान विशेषका संस्कृति तथा सामाजिक पक्षको चित्रण रहेका छन् । घिमिरेका उपन्यासका कथानकमा नेपालको पहाडी क्षेत्र, तराई क्षेत्रको व्यापक र परिवेश आएको छ । उपन्यासमा राजनीतिक परिवेश र त्यसले पारेको प्रभावको चित्रण पाइन्छ । राजनीतिक परिवेशको चित्रणमा निम्न वर्गको चित्रण भएको छ । बाह्य र आन्तरिक परिवेशको चित्रणबाट कतै कारुणिक, कतै विद्रूपात्मक, कतै व्यङ्ग्यात्मक र कतै प्रतीकात्मक शैलीमा कथ्य प्रस्तुत गरिएको छ । यसरी उपन्यासमा कुनै स्थान विशेषमा केन्द्रित भई घटनालाई केन्द्रमा राखेर परिवेशको व्यापक र जीवन्त चित्रण गर्नु उनको विशेषता हो ।

## १.२ समस्याकथन

जगदीश घिमिरेका उपन्यासमा आञ्चलिकताको चित्रण सशक्त रुपमा भएको पाइन्छ, जसको अध्ययन गर्नु प्रमुख समस्या रहेको छ । अतः यस शोध कार्यसँग सम्बन्धित मुख्य मुख्य समस्याहरू निम्न लिखित रहेका छन् :

(क) जगदीश घिमिरेको सङ्क्षिप्त जीवनी, उपन्यास यात्रा र प्रवृत्ति के कस्तो छ ?

(ख) जगदीश घिमिरेको **सकस** उपन्यासमा आञ्चलिक तत्त्वहरू के कस्ता छन ?

(ग) **सकस** उपन्यासमा आञ्चलिकताको प्रयोग के कस्तो छ ?

## १.३ शोधको उद्देश्य

प्रस्तुत शोधपत्रको उद्देश्य जगदीश घिमिरेका उपन्यासहरूमा आञ्चलिकताको अध्ययनमा केन्द्रित रही समस्या कथनमा उठाइएका समस्याहरूको खोजी गर्नु रहने छ । बुँदागत रूपमा प्रस्तुत शोधका उद्देश्यहरू निम्न बमोजिम रहेका छन् :

(क) जगदीश घिमिरेको औपन्यासिक यात्रा र प्रवृत्ति केलाउनु,

ख) आञ्चलिक उपन्यासका तत्त्वहरूको निरुपण गर्नु,

(ग) **सकस** उपन्यासमा प्रयुक्त आञ्चलिकताको निरुपण गर्नु ।

## १.४. पूर्वकार्यको समीक्षा

जगदीश घिमिरेद्वारा लिखित **लिलाम** (२०२७), **साबिती** (२०३२) र **सकस** (२०६९) उपन्यास उनका औपन्यासिक यात्राका प्राप्तिहरू हुन् । उनका उपन्यासहरू सामाजिक यथार्थवादमा आधारित छन् । उनका उपन्यासका बारेमा बेला-बेलामा विभिन्न विद्वान्हरूले पुस्तक र पत्रपत्रिकामा विश्लेषण र मूल्याङ्कन गर्ने प्रयास गरेको पाइन्छ । यी सबै सर्वेक्षणात्मक नामोल्लेखनात्मक र सामान्य परिचयात्मकतामा सीमित रहेका छन् । विभिन्न पुस्तक र पत्रपत्रिकामा यस उपन्यासको बारेमा गरिएका सङ्क्षिप्त विश्लेषण, समीक्षा र टिप्पणीहरूलाई कालक्रमिक रूपमा तल प्रस्तुत गरिएको छ ।

ज्ञानमणि नेपालले (२०६९) **सकस** उपन्यासभित्रको लेखमा सकस नेपाली समाजको यथार्थ चित्रण भन्दै उनका उपन्यासमा समस्याग्रस्त जीवनको यथार्थ चित्र छ भनेका छन् । यो सटिक सूचनात्मक टिप्पणी मात्र हो ।

नारायण ढकाल (२०६९) ले **सकस** उपन्यासभित्रको लेखमा उपन्यास सामाजिक न्यायको शङ्खघोष हो भन्ने विचार राखेका छन् । यो समाजको अति सङ्क्षिप्त अध्ययन हो ।

नयनराज पाण्डे (२०६९) ले **सकस** उपन्यासभित्रको लेखमा यसमा कहालीलाग्दो इतिहास र मूल्य क्षय हुँदै गएको आजको राजनीतिक यथार्थ अनि त्यसले भित्र्याइरहेको डरलाग्दो भयावहता जीवन्त कथानकमा रूपान्तरित भएको छ भनेका छन् । प्रस्तुत अध्ययन समाजको चित्रण भएको सूक्ष्म अध्ययन हो ।

शैलेन्द्र साकारले **रचना** (असार-साउन, २०३२) पत्रिकामा 'जीवन्त र आक्रामक' शीर्षकको लेखमा **सकस** आजको युगको जटिलता, विसङ्गति र मुखुन्डोलाई प्रस्ट पार्न व्यङ्ग्यात्मक शैली सर्वोत्कृष्ट मान्नु पर्दछ र उपन्यासले त्यही शैलीलाई हतियार बनाएको छ भनी भनेका छन् ।

धुस्वाँ सायमीले **रचना** (असार-साउन, २०३२) पत्रिकामा घिमिरेप्रति पत्रमार्फत् भाषाको स्वाभाविकता, विचार व्यक्त गर्ने सरल र सोझो आफ्नैपन भएको शैली, पात्रहरूसित पाठकहरूलाई एकाकार हुन बाध्य गर्ने तिम्रो लेखनकलाप्रति कताकता ईर्ष्या भएर आउँछ । कविता तथा शायरी गुनगुनाई रहुँ जस्तै तिम्रा प्रत्येक पङ्क्तिहरू मेरो मनमा, भावनामा थाहा नदिइकन नै ओहोरदोहोर गरिरहन्छन् भनी भनेका छन् ।

उपर्युक्त पूर्वकार्यको अध्ययनबाट जगदीश घिमिरेको उपन्यासमा आञ्चलिकताको अध्ययन गहन, सूक्ष्म र वस्तुपरक ढङ्गमा हुन सकेका देखिदैन । त्यही अभावको परिपूर्तिका लागि प्रस्तुत शोधकार्य गरिएको छ ।

## १.५. शोधकार्यको औचित्य र महत्त्व

जगदीश घिमिरेको औपन्यासिक कृति **सकस** (२०६९) मा केन्द्रित भई त्यस उपन्यासको विस्तृत, वैज्ञानिक एवम् सुव्यवस्थित रूपमा विश्लेषण र मूल्याङ्कन यस शोधकार्यमा गरिएकाले आउने पिँढीलाई उनको यस उपन्यासका बारेमा वस्तुगत एवम् प्रामाणिक जानकारी उपलब्ध हुनेछ । प्रस्तुत शोधपत्रको अध्ययनबाट उनका औपन्यासिक यात्राका बारेमा जान्न इच्छुक व्यक्ति, सङ्घ संस्थाहरूका लागि सैद्धान्तिक एवम् व्यावहारिक रूपमा तथ्य प्रस्तुत गरिएकाले अनुसन्धानका क्षेत्रमा यसको महत्त्व रहेको प्रस्ट हुन्छ । सकसका बारेमा बेला-बेलामा विभिन्न विद्वान्हरूले विभिन्न पत्रपत्रिका, शोधपत्र र पुस्तकहरूमा समीक्षात्मक टिप्पणीहरू गरेको पाइए तापनि यो कृतिको आञ्चलिकतालाई विषय बनाएर अध्ययन भएको पाइँदैन । त्यसैले सकस

उपन्यासको आञ्चलिकताको विस्तृत एवम् गहन अध्ययन गर्नु नै यस शोधकार्यको औचित्य र महत्त्व हो । यसरी नै नेपाली साहित्यमा उपन्यासको इतिहास लेखनको मूल्याङ्कन गर्ने क्रममा यस शोधपत्रले घिमिरेलाई उपन्यासकारका रूपमा स्थापित गराउन सहयोग पुऱ्याउने छ । उपर्युक्त विविध दृष्टिकोणले प्रस्तुत शोधकार्य औचित्यपूर्ण र महत्त्वयुक्त रहेको छ ।

## १.६. शोधकार्यको सीमाङ्कन

जगदीश घिमिरे साहित्यका प्रायः सबै जसो विधामा क्रियाशील व्यक्ति हुन् । उनले साहित्यमा नाटक, कविता, उपन्यास र कथा जस्ता विविध विधामा कलम चलाएका छन् । उनको सफलता भने उपन्यास विधामा भएको पाइन्छ । प्रस्तुत शोधपत्रमा अन्य क्षेत्र, विधा र उपन्यासको अध्ययन नगरेर केवल आञ्चलिक अवधारणाको आधारमा जगदीश घिमिरेद्वारा लिखित **सकस** (२०६९) उपन्यासमा आञ्चलिकताको अध्ययन गर्नु यसको सीमा रहेको छ ।

## १.७. शोधविधि

शोधविधि अन्तर्गत सामग्री सङ्कलन विधि र विश्लेषण विधि पर्दछन् ।

### १.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत कार्यका लागि पुस्तकालयीय अध्ययन विधिलाई नै सामग्री सङ्कलनको मूल आधार बनाइएको छ । त्यसै गरी विभिन्न विद्वान्हरूलाई भेटी आवश्यक सल्लाह एवम् सुझाव लिने काम पनि गरिएको छ ।

### १.७.२ विश्लेषणको सैद्धान्तिक आधार

प्रस्तुत शोधपत्रमा उपन्यासको अध्ययनका लागि सङ्कलित सामग्रीहरूको विश्लेषण वर्णनात्मक एवम् विश्लेषणात्मक विधिद्वारा गरिएको छ ।

## १.८. शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई व्यवस्थित एवम् सुसङ्गठित रूपमा प्रस्तुत गर्नका लागि जम्मा सात परिच्छेदमा विभाजन गरिने छ । ती परिच्छेद अन्तर्गत पनि आवश्यकता अनुरूप विभिन्न शीर्षक, उपशीर्षकमा विभाजन गरिने छ ।

परिच्छेद एक : शोध परिचय

परिच्छेद दुई : उपन्यासमा आञ्चलिकता र नेपाली आञ्चलिक उपन्यास परम्परा

परिच्छेद तीन : जगदीश घिमिरेको सङ्क्षिप्त जीवनी, औपन्यासिक यात्रा र प्रवृत्ति

परिच्छेद चार : **सकस** उपन्यासमा आञ्चलिकता

परिच्छेद पाँच : सारांश तथा निष्कर्ष

सन्दर्भ सामग्री सूची

परिच्छेद : दुई

# उपन्यासमा आञ्चलिकता र नेपाली आञ्चलिक उपन्यास परम्परा

## २.१.विषय प्रवेश

प्रस्तुत शोधकार्यको मूल ध्येय जगदीश घिमिरेका उपन्यासमा आञ्चलिकताको अध्ययन गर्नु हो । आञ्चलिकताको अध्ययन गर्ने सन्दर्भमा सर्वप्रथम त्यस सम्बन्धी सैद्धान्तिक ज्ञान हुनु आवश्यक पर्दछ । त्यसैले यस परिच्छेदमा आञ्चलिकताको सैद्धान्तिक पक्षको अध्ययन गरिएको छ ।

## २.२. आञ्चलिकताको सैद्धान्तिक आधार

आधुनिक साहित्यमा आञ्चलिकताको अवधारणा विकसित हुँदै आएको पाइन्छ । यस सम्बन्धी पूर्वीय एवम् पाश्चात्य विद्वान्हरूले आफ्ना धारणा प्रस्तुत गरेका छन् । तल आञ्चलिकताको सैद्धान्तिक पक्षको अध्ययन गरिएको छ ।

### २.२.१.आञ्चलिकता शब्दको व्युत्पत्ति र अर्थ

कुनै खास स्थान विशेष क्षेत्र वा अञ्चल विशेषसित सम्बन्धित कुरा जस्तो लाग्ने आञ्चलिक शब्दले साहित्यमा एउटा खास मान्यतालाई अँगाली सकेको छ (बराल, २०४५ : ४०४) । 'अञ्चल' शब्दमा इक प्रत्यय लागेर 'आञ्चलिक' शब्द बन्दछ र 'आञ्चलिक' मा 'ता' प्रत्यय जोडिँदा 'आञ्चलिकता' शब्द बन्दछ । 'आञ्चलिकता' तथा नेपाली साहित्यमा पनि प्रयोग गरिएको पाइन्छ भने अङ्ग्रेजी शब्द रिज्नलिज्मको नेपाली रूपान्तरका रूपमा प्रयोग गरिएको पाइन्छ । 'रिज्नलिज्म' शब्द अङ्ग्रेजीको रिजनबाट रिजिअनल हुँदै बनेको हो । अञ्चल शब्दले कुनै प्रान्त, क्षेत्र, प्रदेश, भेग वा ठाउँ भन्ने अर्थ बुझाउँदछ भने आञ्चलिक शब्दले कुनै प्रान्त, प्रदेश, भेग, ठाउँसँग सम्बन्ध राख्ने भन्ने अर्थ जनाउँछ । अनि आञ्चलिकता शब्दले चाहिँ

आञ्चलिक हुनुको भाव वा अवस्था भन्ने अर्थ बुझाउँछ (अवस्थी, २०५६ : ३०) । यसरी आञ्चलिकताले कुनै स्थान विशेषको समग्र पक्षको चित्रण गर्दछ ।

यसरी हेर्दा कुनै निश्चित अञ्चल विशेषलाई कथ्य बनाएर त्यस अञ्चलको भौगोलिक, सामाजिक, आर्थिक, राजनीतिक, साँस्कृतिक आदि सारा विशिष्टताहरूलाई प्रस्ट्याउने उपन्यास आञ्चलिक उपन्यास हो । आञ्चलिक विशिष्टतालाई प्रस्ट्याउनु नै आञ्चलिक उपन्यासको उद्देश्य हुन्छ । आञ्चलिक उपन्यासले निश्चित सीमाभित्रको विशिष्ट अञ्चललाई परिवेश बनाउँछ र त्यस परिवेशका सम्पूर्णताको चित्रण गर्दछ (सुवेदी, २०५६ : २९) । निश्चित क्षेत्रको बिम्ब उतार्दछ ।

### २.२.२ आञ्चलिकताको परिभाषा र व्याख्या

कुनै खास स्थान क्षेत्र वा अञ्चल विशेषसित सम्बन्धित कुरा जस्तो लाग्ने आञ्चलिक शब्दले साहित्यमा एउटा खास मान्यतालाई अँगाली सकेको छ । ‘अञ्चल’ शब्दमा ‘इक’ प्रत्यय लागी ‘आञ्चलिक’ शब्द बन्दछ र ‘आञ्चलिक’ शब्दमा ‘ता’ प्रत्यय जोडिदा ‘आञ्चलिकता’ शब्द बन्दछ । ‘अञ्चल’ शब्दले कुनै प्राप्त, क्षेत्र, प्रदेश, भेग वा ठाउँ भन्ने अर्थ बुझाउँदछ भने ‘आञ्चलिक’ शब्दले कुने प्राप्त प्रान्त, क्षेत्र, प्रदेश, भेग वा ठाउँसँग सम्बन्ध राख्ने भन्ने अर्थ जनाउँछ । अनि ‘आञ्चलिकता’ शब्दले चाँहि आञ्चलिक हुनुको भाव वा अवस्था भन्ने बुझाउँछ (अवस्थी, २०५६ : १) । समग्रमा कुनै निश्चित भूभागको चित्रण आञ्चलिक कृतिमा हुन्छ ।

‘आञ्चलिकता’ शब्द मूलतः भारतीय तथा नेपाली साहित्यमा प्रयोग गरिएको पाइन्छ भने यसलाई बुझाउने अङ्ग्रेजी शब्द ‘रिज्नालिज्म’ शब्दका अङ्ग्रेजी रिजनबाट रिजनल हुँदै बनेको हो, जसको नेपाली रूपान्तरण क्रमशः ‘अञ्चल’ र ‘आञ्चलिकता’ हो । यसरी सरसर्ती हेर्दा ‘आञ्चलिकता’ शब्दको शाब्दिक अर्थ अञ्चलसित सम्बन्धित भन्ने बुझिन्छ तापनि साहित्यका सन्दर्भमा शाब्दिक अर्थले निश्चित मूल्यलाई वहन गर्दछ (सुवेदी, २०५६ : ११) भनिएको छ । कृतिभित्र एउटा निश्चित अञ्चल विशेषको स्वरूप झल्कन्छ ।

इन्साइक्लोपेडिया अमेरिकामा 'आञ्चलिक' साहित्यको पारिभाषिक शब्दको प्रयोग विभिन्न प्रकारका साहित्यिक रचना तथा आन्दोलनका सन्दर्भमा यसरी गरिएको छ, 'मानवीय भाग्य वा कर्ममाथि वातावरणको सृजनात्मक शक्तिको भूमिकालाई स्वीकारेरै आञ्चलिक साहित्यले कुनै निश्चित स्थानको भौगोलिक तथा सांस्कृतिक इतिहासले त्यहाँका बासिन्दाहरूको जीवनलाई निर्देशित गरेको हुन्छ भने विशिष्ट गुणहरूको यथार्थ तथ्य प्रस्तुत गर्ने प्रयत्न गर्दछ' (सुवेदी, २०५६ : ११) भनिएको छ ।

हिन्दी साहित्य कोशमा आञ्चलिक रचनाका लागि कुनै विशिष्ट अञ्चल वा क्षेत्र वा त्यसको कुनै एक भाग वा ठाउँको प्रतिपाद्य वा विवेच्य विषय हुन्छ भन्दै 'आञ्चलिकता' को सफलताका लागि स्थानीय दृश्य, जलवायु, चाडपर्व, लोकगीत, जनस्वभावगत र व्यवहारगत विशेषता, तिनीहरूको नैतिक मान्यता आदिको समावेशी बढी सतर्कता र साबधानीपूर्वक गरिनु पर्दछ (न्यौपाने, २०७०:२) भनिएको छ ।

आञ्चलिकताकै सम्बन्धमा नेपाली समालोचक ऋषिराज बराल भन्छन्, 'सहरी जीवन भन्दा परको खास गरेर ग्रामीण जीवन, संस्कृति, रहनसहन तथा त्यहाँको समग्र जीवनवृत्तको अभिव्यक्तिसित आञ्चलिकता गाँसिएको छ ।' भाषागत पृथकता, भूगोल र परिवेशगत निजत्व, सांस्कृतिक एकरूपता जीवनचर्याको विशिष्ट चरित्रसित आञ्चलिकता गाँसिएको छ ।

कृष्णचन्द्रसिंह प्रधानका विचारमा, 'आञ्चलिकता' भनेको कुनै निश्चित अञ्चल वा क्षेत्रको मुभी क्यामेराको हेराइ हो, त्यस ठाउँको खण्ड दृश्यहरू, खण्ड वस्तुहरू खण्ड छविहरू त्यसको घेराभित्रको फोकसमा अङ्कित हुन्छन् । तिनीहरूको अन्त्यमा एक पूर्ण चित्र दृष्टिगोचर हुन्छ । यसरी हेर्दा साहित्यका सन्दर्भमा आञ्चलिकताले कुनै क्षेत्र वा विशेषको विशिष्ट साहित्यिक अभिव्यक्तिलाई बुझाउँछ । हरेक अञ्चलका छुट्टै विशेषताहरू हुन्छन् । भौगोलिक, सामाजिक, सांस्कृतिक, राजनीतिक, भाषिक आदि विशिष्टतामा हरेक क्षेत्र वा अञ्चलको सिङ्गो स्वरूप प्रकट गर्ने साहित्यलाई आञ्चलिक साहित्य भन्ने गरेको पाइन्छ (न्यौपाने, २०७०:३) ।

निष्कर्षमा, आञ्चलिकता भनेको क्षेत्र वा अञ्चल विशेषको सिङ्गो अभिव्यक्ति हो । आञ्चलिक लेखकले आफ्नो कृतिमा अञ्चल विशेषलाई आधार बनाउँछ र त्यहाँका वासिन्दाहरूको जीवन र प्रगतिलाई विस्तारपूर्वक चित्रण गर्दछ । निश्चित र विशिष्ट अञ्चलका भौगोलिक, सामाजिक, सांस्कृतिक, आर्थिक विशिष्टताहरू त्यस अञ्चलको जीवनचर्या, रहनसहन, लोकसंस्कृति तथा लोकसाहित्यसमेतको प्रयोगले आञ्चलिकता बन्दछ । आञ्चलिकताको मूल कथ्य वा नायक स्वयम् अञ्चल वा भेग हुन्छ । अञ्चलको स्थानीय बोलीको प्रयोग हुनु पर्दछ । साहित्यिक संरचना र उपकरणमा जेजति कुराहरू पर्दछन् ती सबै आञ्चलिक विशिष्टताको उजागर गर्ने हैसियतबाट आउँछन् । यसरी हेर्दा आञ्चलिकता स्वयम्मा एउटा छुट्टै विधाको रूपमा देखा पर्दछ । अञ्चलको सम्पूर्ण विशिष्टता देखाउन सक्नुमा नै आञ्चलिकताको ध्येय रहन्छ ।

## २.३ उपन्यासका आञ्चलिक तत्त्व र सम्बन्ध

उपन्यासका आञ्चलिक तत्त्वहरूको तल विवेचना गरिएको छ ।

### २.३.१ स्थानीय रङ्गको विशिष्ट प्रयोग

आञ्चलिक उपन्यासको कथ्य विषय भनेको अञ्चल, त्यहाँको स्थानीयपन हो । आञ्चलिक उपन्यासमा स्थानीय रङ्गको विशिष्ट प्रयोग गरिएको हुन्छ । अञ्चलको भूगोल, त्यहाँको जीवन पद्धति, त्यहाँको प्रकृति, सामाजिक पर्यावरण, आर्थिक स्थिति, त्यहाँको आर्थिक, सामाजिक तथा अन्य विशिष्ट समस्याहरू भाषा समेतको चित्रण नै आञ्चलिक उपन्यासको विषय हो । आञ्चलिक उपन्यासले अञ्चललाई केवल पृष्ठभूमि बनाउने होइन, अञ्चललाई यथार्थमा चिनाउने काम गर्दछ । आञ्चलिकताका सन्दर्भमा अञ्चल भन्नाले निम्न कुराहरूको समष्टि बुझ्नु पर्दछ ।

(क) निश्चित र सीमाबद्ध भौगोलिक पर्यावरण

(ख) त्यस भौगोलिक पर्यावरण भित्रको जीवन्तवृत्त र

(ग) त्यहाँको सामाजिक, सांस्कृतिक, आर्थिक, भाषिक आदि सारा विशिष्टताहरू (सुवेदी, २०५६ : २०) आञ्चलिक उपन्यासमा यिनै कुराहरूलाई विषयवस्तु बनाइएको हुन्छ ।

स्थानीय रङ्गको प्रयोग आञ्चलिक उपन्यासको अनिवार्य तत्त्व हो । कथ्य अञ्चलको स्थानीयताको चित्रणबिना आञ्चलिक उपन्यास सम्भव हुँदैन । आञ्चलिकताले अञ्चलको स्थानीयता र चारित्रिक विशिष्टतामा जोड दिन्छ । आञ्चलिकता सम्बन्धी साहित्यिक मान्यताको उदय हुनुको पछाडि अमेरिकामा भएको स्थानीय रङ्ग सम्बन्धी आन्दोलनको मुख्य हात देखिन्छ (सुवेदी, २०५६ : २१)।

स्थानीय भूगोल, संस्कृति, लोक जीवन, भाषा आदिको विशिष्ट चित्रणबाट आञ्चलिक उपन्यास बन्दछ । चरित्रमा स्थानीयताका विशेषता झल्किन्छन् । उनीहरूले स्थानीय स्वभाव, बानी व्यहोरा आदि प्रस्ट्याउँछन् । कथ्य अञ्चलको सम्पूर्ण पक्षको स्थानीयताको चित्रणबाट मात्रै आञ्चलिक उपन्यास पूर्ण बन्दछ (सुवेदी, २०५६ : २३) ।

### २.३.२ लोकजीवन, लोकसंस्कृति र दैनिक जीवनचर्याको चित्रण

आञ्चलिक उपन्यासले कथ्य अञ्चलको लोक जीवन, लोक संस्कृति र दैनिक जीवनचर्याको चित्रण गर्नु पर्दछ । लोकगीत, उखानटुक्का, परम्परागत संस्कार, रुढिवादी, स्थानीय रङ्ग सम्बन्धी आन्दोलनको मुख्य हात देखिन्छ । आञ्चलिकताको जन्म स्थानीय रङ्गको विशिष्ट प्रयोगबाट आञ्चलिक विशिष्टता प्रकट हुन थालेपछि भएको देखिन्छ । यसर्थ आञ्चलिकताको जग भन्नु नै स्थानीय रङ्ग हो भन्न सकिन्छ ।

स्थानीय भूगोल, संस्कृति, लोकजीवन, भाषा आदिको विशिष्ट चित्रणबाट आञ्चलिक उपन्यास बन्दछ । चरित्रहरूमा स्थानीय विशेषता झल्किन्छन् । उनीहरूले स्थानीय स्वभाव, बानी-व्यहोरा आदि प्रष्ट्याउँछन् । कथ्य अञ्चलको सम्पूर्ण पक्षको स्थानीयताको चित्रणबाट मात्रै आञ्चलिक उपन्यास पूर्ण बन्दछ (सुवेदी, २०५६ : २१) । उपन्यासमा स्थानीयपनको भरपूर प्रयोग गरिएको हुन्छ ।

### २.३.३ स्थानीय भूगोल र प्रकृतिको चित्रण

आञ्चलिक उपन्यासमा स्थानीय भूगोलको यथातथ्य फोटो-प्रकृति चित्रण हुने र रूपप्रति आकर्षण रहने कुरा ऋषिराज बराल बताउँछन्, हुन त आञ्चलिक उपन्यास बाह्य स्वरूपको चित्रण मात्रै होइन, यसमा अञ्चलको अन्तर विशेषता पनि झल्किनु पर्दछ (बराल, २०५४ : ५४) । यद्यपि यसमा दृश्य, वनजङ्गल, खोलानाला, वेशभूषा, पहिरन, संस्कृति र भाषिक व्यवहार आदि झल्किनु आवश्यक भएकाले आञ्चलिक उपन्यासमा फोटो-प्रकृति चित्रण र अञ्चलको रूप सौन्दर्यप्रति आकर्षण भएको पाइन्छ ।

### २.३.४ स्थानीय भाषाको प्रयोग र रिपोर्ताज शैली

साहित्य प्रस्तुतिको माध्यम नै भाषा हो । साहित्यको भाषा अन्य विषय क्षेत्रको भन्दा भिन्न हुन्छ । साहित्यको भाषा काव्यात्मक, लयात्मक, रागात्मक एवम् विचलनयुक्त हुन्छ । यी विशेषता उपन्यासको भाषामा पनि रहन्छ । आञ्चलिक उपन्यासको भाषाको अध्ययन गर्दा सामान्य स्तरको स्थानीय ग्रामीण कथ्य भाषाको प्रशस्तै प्रयोग भएको छ । भाषा साहित्यिक अभिव्यक्तिको माध्यम हो । भाषालाई आलङ्कारिक र काव्यात्मक बनाउनु उपन्यासकारको निजी शैली हो । उपन्यास गद्य विधा भएकोले यसमा प्रयोग गरिएका भाषा प्रायः सरल हुन्छन् । भाषाशैली अन्तर्गत शब्द विन्यास, वाक्यरचना र त्यस सम्बन्धी तत्त्वहरू पर्दछन् । उपन्यासमा भाषा पात्र अनुकूलको प्रयोग गरिनु पर्छ । एउटै भावका लागि अनेक शब्दहरूको प्रयोग अर्थात् केवल शब्दाडम्बरले मात्र उपन्यासको भाषाशैली सुन्दर हुन सक्दैन । त्यहाँ त यस्ता शब्द हुनु पर्छ, जसलाई कुनै पनि अवस्थामा हटाउन नसकियोस् जहाँ विचारको गम्भीरता, भावको रोचकता अर्थको स्पष्टता र सुगमता हुनु पर्दछ (न्यौपाने, २०४९ : २१९) । त्यसैले उपन्यासमा प्रयोग गरिएका भाषाशैली सरल, सहज र सजिलैसँग बुझ्न सकिने खालको हुनु पर्दछ ।

समग्र साहित्य भाषिक कला हो । तसर्थ भाषाशैली उपन्यासको एक आधारभूत तत्त्व हो । उपन्यासमा व्यक्त गर्नु पर्ने मूल विषयवस्तु वा शब्द, शब्दावली, वाक्य र अनुच्छेद प्रयोगको

चयन कौशल नै उपन्यासको भाषाशैली हो । भाषाशैली रागात्मक र सौन्दर्यपूर्ण हुनु पर्दछ । यी विशेषता उपन्यासको भाषामा रहन्छन् । आञ्चलिक विशिष्टता झल्किने गरी स्थानीय भाषाको प्रयोग हुन आवश्यक छ, तर स्थानीय भाषाको प्रयोग फेसनका रूपमा नभएर आञ्चलिक विशिष्टता झल्काउनका लागि हुनु पर्दछ । आञ्चलिक उपन्यासमा स्थानीय भाषा, लोकगीत, उखानटुक्का, लोकोक्ति र पात्र अनुरूप संवाद योजना नितान्त आवश्यक हुन्छ । आञ्चलिक उपन्यासको उपयुक्त शैली रिपोर्ताज शैली हो भन्ने धारणा देखिन्छ (बराल, २०५४ : ३९) । रिपोर्ताज शैली वर्णनात्मक, रेखाचित्रात्मक, तथ्यपरक र सूक्ष्म पर्यवेक्षणात्मक हुन्छ । सारा आञ्चलिक विशिष्टताहरूले रन्जित हुने शैली आञ्चलिक उपन्यासको शैली हो ।

### २.३.५ आञ्चलिक कार्यपीठिका

आञ्चलिक उपन्यासको उद्देश्य भन्नु नै आञ्चलिक विशिष्टता प्रष्ट्याउनु हो । आञ्चलिक उपन्यासको उद्देश्य नै आञ्चलिक विशिष्टता देखाएर त्यस कथ्य अञ्चलको सिङ्गो स्वरूप देखाउनु हो । यसैले यसमा कुनै वाद वा सिद्धान्त, दर्शन कुनै सामान्य मानवीय प्रकृति, मनोविज्ञान, प्रेम वा त्यस्तै कुनै सामान्य विषय त्यस अञ्चल विशेषमा के कसरी विशिष्ट भएर रहन पुगेको छ (सुवेदी, २०५६ : २३) भन्ने कुरा देखाइन्छ । स्थान, परिवेशको जनजीवनको समग्र पक्षको चित्रण यस्ता कृतिमा उतारिन्छ ।

### २.३.६ आञ्चलिक जीवनचर्या र समाज

समाजशास्त्र समाजको वैज्ञानिक अध्ययनको विषय हो (पोखरेल बालकृष्ण र अन्य, २०४० : १३०५) आञ्चलिक उपन्यासमा अञ्चल विशेषको विशिष्टता देखाइने भएको हुँदा कथ्य अञ्चलको समाजशास्त्रीय चित्रण हुनु आवश्यक हुन्छ (बराल, २०५४: ५४) । सामाजिक व्यवस्था, आर्थिक स्थिति, जातजाति, वर्ग, व्यवसाय, रहनसहन, आदिको समाजशास्त्रीय ढङ्गमा चित्रण हुन आञ्चलिक उपन्यासका लागि आवश्यक हुन आउँछ । उपन्यासमा आञ्चलिक समस्याको समाजशास्त्रीय चित्रण आवश्यक हुन्छ ।

अञ्चलको सम्पूर्ण विशिष्टता झल्काउँदै सम्पूर्णमा चिनाउनका लागि आञ्चलिक उपन्यासमा उच-निच, असल-खराब, पठित-अपठित आदि सम्पूर्ण विशेषतायुक्त चरित्रहरूको आवश्यकता पर्दछ । यसर्थ आञ्चलिक उपन्यासमा पात्रहरूको भीड हुन्छ । पात्रहरू निजी वैशिष्ठ्यमा नभएर अञ्चलको सामूहिक स्वभाव बानी व्यहोरा दर्शाउन आउँछन् (बराल, २०५४ : ५४) । आञ्चलिक उपन्यासमा पात्रहरूले निश्चित क्षेत्रका कथा बोकेका हुन्छन् ।

उच्च वर्गको कम, मध्यम वर्गीय अलि बढी र निम्न वर्गको सबैभन्दा बढी चित्रण गरिन्छ । उच्च वर्गका पात्रमा आञ्चलिक विशिष्टता कम हुन्छन् । उनीहरू बाह्य प्रभावमा परेका हुन्छन् । मध्यम वर्गमा धेरै थोरै बाह्य प्रभाव रहन्छ । निम्न वर्गका पात्रहरूमा बाह्य प्रभाव नगन्य मात्रामा हुन्छ । यसर्थ निम्न वर्गका पात्रहरूको चित्रणमा विशेष जोड दिन आञ्चलिक उपन्यासका लागि सर्वथा आवश्यक हुन आउँछ ।

आञ्चलिक उपन्यासमा प्रारूपीय पात्रहरूको अभाव रहन्छ । कुनै चरित्रको केन्द्रीयता रहदैन । चारित्रिक केन्द्रीयता भएको खण्डमा आञ्चलिकताको सीमा झल्किन्छ ।

## २.४ नेपाली आञ्चलिक उपन्यास परम्परा

नेपाली उपन्यासको प्राथमिक काल मूलतः संस्कृतबाट अनूदित आख्यान आख्यानमै सीमित रह्यो भने माध्यमिक काल (वि.सं. १९४६-१९९०) मा जासुसी, तिलस्मी प्रवृत्तिका केही उपन्यासहरू देखा परे । यस अवधिको उच्चतम कृतिका रूपमा **वीरचरित्र** (१८९०) देखा पऱ्यो । यसमा स्थानीय परिवेशको झल्कोसम्म पाइन्छ । यसर्थ वि.सं. १९९० सम्मको उपन्यास परम्परामा आञ्चलिकता शून्य रहन पुग्यो ।

वि.सं. १९९१ बाट सुरु भएको आधुनिक नेपाली उपन्यास परम्परामा **भ्रमर** (१९९३) ले दार्जीलिङ बर्मा जस्ता ठाउँहरूको परिवेशलाई थोरै चित्रण गरेर नेपाली उपन्यास परम्परामा स्थानीय रङ्गलाई यथार्थताको पुष्टिको लागि प्रयोग गर्ने परम्पराको सुरुवात गरिदियो । यस परम्परामा **लङ्गगडाको साथी**, **बसाइँ**, **समयको हुरी** आदि उपन्यासहरू देखा परे । यस परम्पराको

उच्चतम अभिव्यक्ति **बसाइँ**मा हुन पुग्यो । यी उपन्यासहरूले नेपाली आञ्चलिक उपन्यासको पूर्व पृष्ठभूमिको काम गरेको मान्न सकिन्छ ।

वाङ्‌देलको **मुलुक बाहिर**लाई पनि आञ्चलिक उपन्यासको दर्जामा राखेको पाइन्छ, तर यो उपन्यास आञ्चलिक होइन । यो उपन्यास समाजपरक छ । ईर्ष्या, संशय र पश्चातापका मानसिकताको उद्‌घाटन यस उपन्यासमा व्याप्त छ । त्रास र करुणाको दुःखान्त नाटकीय भावभूमि यसमा व्याप्त छ ।

**लङ्गडाको साथी**लाई पनि प्रतापचन्द्र प्रधानले आञ्चलिक उपन्यास मानेका छन् । यो उपन्यास एक एक मनोवृत्तिलाई कलमद्वारा टपाटप टिपिएको मानिसको असाधारण रेखाङ्कन हो । यसमा दार्जीलिङको परिवेशलाई केन्द्रीय चरित्रका रूपमा प्रस्तुत गर्दै करुण जिन्दगीको रेखाङ्कन गरिएको छ । उपन्यासको एक भाग यही केन्द्रीय पात्रको वर्गगत र वैयक्तिक विशेषतालाई चित्रणमा केन्द्रित छ । जेहोस आफ्नै परिवेशगत पहिचान हुनाले **लङ्गडाको साथी** उपन्यासलाई आञ्चलिक उपन्यास मान्न सकिन्छ ।

डायमन शमशेरले वि.सं. २००६ सालमा **बसन्ती** भन्ने उपन्यास लेखेर ऐतिहासिक रहस्य र परम्परालाई खोल्ने जमर्को गरेको देखिन्छ । यस्तै मोहनबहादुर मल्लका **मायारानी** (२००९), **पश्चात्ताप** (२०१०) आदि उपन्यासमा सात सालपछिको ग्रामीण जीवनमा देखा परेका अशिक्षा, रुढि, ठुलाठालुका अन्याय, र शोषण, विधवा समस्या, साहू तथा आसामीका समस्या, कुरीतिहरूका चेतना छरिएर रहेका छन् । आधुनिक नेपाली उपन्यासको तेस्रो दशक (२०११-२०२०) को अवधिमा नेपाली माटो नै बढी उर्वर हुन पुगेको देखिन्छ ।

यस्तै समयावधिमा क्रान्तिकारी, प्रगतिवादी उपन्यास अन्तर्गत **स्वास्नी मान्छे** (२०११) र **एक चिहान** (२०१७) देखा परे भने सुधारवादी रूपमा **को अछुत** ?, **विद्रोह**, **समयको हुरी**, शान्ति आदि लेखिए । यस अवधिको अर्को उपन्यास लीलबहादुर क्षेत्रीको **बसाइँ** (२०१४) लाई पहिलो नेपाली आञ्चलिक उपन्यास मान्नेहरू पनि छन् । पूर्वी नेपालको पहाडी गाउँलाई आफ्नो कार्यस्थल बनाएर त्यस गाउँका मानिसहरूको बोलीचाली, लवाइखवाइ, जीवनचर्या, शोषण,

चाडपर्व आदिको वर्णन र स्थानीय बोलिचाली समेतको प्रयोग भएकाले बसाइँ आञ्चलिक उपन्यास मान्ने भ्रम पैदा भएको देखिन्छ । यस उपन्यासलाई यथार्थवादी यथास्थितिवादी उपन्यास मान्न सकिन्छ, तर यो आञ्चलिक उपन्यास पनि होइन । मोहनबहादुर मल्लको **समयको हुरी** (२०१५) ले तानसेनको स्थानीय परिवेशको चर्चा गरेको छ तर यो मूलतः नारी शिक्षाको पक्षमा वकालत गरिएको उपन्यास हो र यसमा पनि आञ्चलिक पाइदैन ।

नेपाली आञ्चलिक उपन्यासको सूत्रपात भने शंकर कोइरालाको **खैरेनी घाट** (२०१८) बाट मात्रै भएको दखिन्छ । यस उपन्यासलाई आञ्चलिक उपन्यास मान्ने कुरामा प्रायः विवाद देखिँदैन । समालोचक ऋषिराज बराल, इन्द्रबहादुर राई र अभि सुवेदी तथा नेपाली साहित्य कोश आदिले पनि **खैरेनीघाट**लाई पहिलो आञ्चलिक उपन्यास मानेका छन् । कृष्णहरि बराल, नेत्र एटम, कृष्णचन्द्रसिंह प्रधान, महादेव अवस्थीले **खैरेनी घाट**लाई शीर्षक, कथावस्तु, चरित्रचित्रण, परिवेश चित्रण, संवाद तथा भाषा शैली समेतमा आञ्चलिक विशिष्टता भएको ठोकुवा गरेका छन् । कृष्णचन्द्रसिंह प्रधान जीवनलाई हेर्ने दृष्टिकोण, समाजलाई हेर्ने कोण, त्यहाँ देखिने र त्यस ठाउँको प्रकृतिलाई हेर्ने कोण, सबैमा आञ्चलिक दृष्टिकोण भएकाले ती सबै मिलेर आञ्चलिक जीवन गाथा हुन गई **खैरेनी घाट** आञ्चलिक उपन्यास भएको प्रमाणित गर्दछ । यी विभिन्न व्यक्तिहरूको मूल्याङ्कनलाई परीक्षण समेत गरेर हेर्दा **खैरेनी घाट** (२०१८) उपन्यास नै पहिलो नेपाली आञ्चलिक उपन्यासका रूपमा देखा पर्दछ ।

**खैरेनी घाट** पछिका **रने, आज रमिता छ, आत्मा बेचेको छैन, एक पालुवा अनेकौं याम, लिलाम, र नरेन्द्र दाई** समेतलाई कतिपयले आञ्चलिक उपन्यास मानेका छन् तर यी उपन्यासमा आञ्चलिक पृष्ठभूमि भए पनि आञ्चलिक विशिष्ट र उद्देश्यका दृष्टिले यी उपन्यासहरू आञ्चलिक बन्न सकेका छैनन् । **खैरेनी घाट** (२०१८) ले खडा गरेको आञ्चलिक उपन्यासको जगमा दोस्रो आञ्चलिक उपन्यासका रूपमा विनोदप्रसाद धितालको **उज्यालो हुनु अघि** (२०२८) देखा पर्दछ । यस उपन्यासमा पश्चिम गण्डकी अञ्चल गोरखा जिल्लाको ओलाङ, खिम्पु, अपुन, सिस्ने, प्रेपुङ् आदि गाउँको आञ्चलिक सेरोफेरोको चित्रण छ । त्यहाँको भूगोल,

आर्थिक स्थिति, सामाजिक स्थिति, स्थानीय भाषा, संस्कृति आदिको विशिष्टतालाई राम्ररी झल्काएको छ । यसर्थ **उज्यालो हुनुअघि** नेपाली आञ्चलिक उपन्यासको कालक्रममा दोस्रो उपन्यासका रूपमा देखा पर्दछ (सुवेदी, २०५६ : ३३) । यी उपन्यासहरूमा निश्चित स्थान र परिवेशको चित्रण पाइन्छ ।

यसै अवधि अर्थात् वि.सं. २०२० देखि २०३० सम्मको दशकमा डी.पी. अधिकारीको **आशमाया** (२०२५) र **धरती अझै बोल्दैछ** (२०२७), खगेन्द्र सङ्गौलाको **चेतनाको पहिलो डाँक** (२०२७) उपन्यासहरूले हृदयचन्द्रसिंह प्रधानले सुरुवात गरेको परिवर्तनकारी प्रगतिवादी उपन्यास परम्परामा थप नयाँ दिशा प्रदान गरे ।

यसपछि प्रकाशित **आगत** र **सोताला**लाई आञ्चलिक उपन्यास भनिने गरिएको भए पनि यी आञ्चलिक उपन्यास बन्न सकेका छैनन् । धनुषचन्द्र गोतामेका **घामका पाइलाहरू** (२०३५) भने नेपाली आञ्चलिक उपन्यास हुन सकेको देखिन्छ । रमेश विकलको **अविरल बग्दछ इन्द्रावती** (२०४०) पनि आञ्चलिक देखिन्छ । यो उपन्यासले इन्द्रावती तटमा रहेका माझी दनुवार गाउँको भौगोलिक पर्यावरण र त्यस पर्यावरणभित्रको जीवनचर्या, आर्थिक अवस्था, शोषण, संस्कृति, वर्गीय द्वन्द्व र प्राकृतिक प्रकोप समेतलाई आञ्चलिक विशिष्टतामा चित्रण गरेको छ । नयनराज पाण्डेको **लू** (२०६८) उपन्यासले सीमित आञ्चलिक पृष्ठभूमि र स्थानीय रङ्गको प्रयोग भएको उपन्यासका रुपमा भने देखा परेको छ । निश्चित भौगोलिक पर्यावरण र त्यस पर्यावरणभित्रको जीवनको विशिष्ट चित्रण भएको, स्थानीय समाजको समाजशास्त्रीय चित्रण भएको, प्रारुपीय पात्रको अभाव र सामूहिक चित्रण भएको, लोकजीवन, संस्कृतिको चित्रण भएको, भाषिक प्रयोगमा आञ्चलिकता झल्किएको र आञ्चलिकता नै उद्देश्य भएका कारणले **लू** उपन्यासका रुपमा देखा परेको छ । आञ्चलिक उपन्यास अनुरूप चरित्रचित्रण गरिएको छ । स्थानीयता, विशिष्टता, पृथकता जस्ता आञ्चलिक विशेषताहरू राम्ररी प्रष्टिन्छन् ।

ध्रुवचन्द्र गौतमको **अलिखित** (२०४०) आञ्चलिक पृष्ठभूमि भएर पनि अर्को सार्वभौम पक्षको उद्घाटन गर्ने उद्देश्य भएको हुनाले पूर्ण आञ्चलिक उपन्यास बन्न सकेको छैन । वि.सं.

२०४२ सालमा प्रकाशित धनुषचन्द्र गोतामेको **यहाँदेखि त्यहाँसम्म** भने पूर्ण आञ्चलिक उपन्यास बन्न सकेको देखिन्छ । यस पछिका उपन्यासहरूमा संजय थापाको **पूर्वतिर र देउमाईको किनारामा,** दौलत विक्रम विष्टको **हिमाल र मान्छे,** खगेन्द्र प्रधानाङ्गको **हारी,** ध्रुवचन्द्र गौतम र ध्रुव सापकोटाको **ज्यागा,** धनुषचन्द्र गोतामेको **घामका पाइलाहरू,** महेश्वर शर्माको **देवघाट र भयङ्कर अपराध,** तेजप्रकाश श्रेष्ठको **सङ्कल्प जिउँदो रहेनछ,** हिरण्य भोजपुरेको **छिटेन** आदि उपन्यासमा केही मात्रामा आञ्चलिक पृष्ठभूमि पाइन्छ वा यी उपन्यासहरू पूर्वतः आञ्चलिक उपन्यास बन्न सकेका छैनन् ।

## २.५ आञ्चलिक उपन्यासका विशेषताहरू

आञ्चलिक उपन्यासका केही आफ्नै विशेषताहरू हुन्छन् । त्यस्ता विशेषताहरू मध्ये केही निम्न लिखित छन् । यो सर्वाधिक नभएर स्थानीय हुन्छ । यसले सार्वभौमिक र सार्वदेशिक मात्र साहित्यको यथार्थ नभई क्षेत्रीय यथार्थ पनि साहित्यको यथार्थ हो भन्ने दृष्टि दिन्छ । यो आख्यानिक नभएर लघु आख्यानिक हुन्छ । उसले मान्य र स्थापित सत्य एवं सत्ताको पुष्टि गर्ने भन्दा नयाँनयाँ सत्य एवम् सानासाना सत्ताको उद्घाटन गर्ने मान्यतालाई महत्त्व दिन्छ र महत्त्व दिन सिकाउँछ । यसमा केन्द्रको नभएर सानासाना उपकेन्द्रको महत्त्व हुन्छ । यसले सहर, सम्पन्न वर्ग र मूलधारमा रहेका शक्तिकेन्द्र मात्र साहित्यको अभीष्ट होइन, गाउँ, किनारीकृत र विपन्न पनि अभीष्ट हुन् भन्ने बताउँछ ।

यो असमावेशी नभएर समावेशी हुन्छ । यसले पिछडिएका, दलित आदि अल्पसङ्ख्यक अवरजन (सबाल्टर्न) लाई पूरै महत्त्व दिन्छ । उसमा लेख्य भाषाले मात्र होइन कथ्य भाषाले पनि स्थान पाउने हुँदा भाषिक विविधता हुन्छ । यसले स्थानीय कथ्य भाषा पनि साहित्यिक भाषा हुन सक्छ भन्ने मान्यता स्थापित गर्छ । यसमा मुख्य प्रस्तुति सम्भ्रान्त (एलिट) को नभई अवरजनको हुन्छ (शर्मा, २०६८ : ५७) । यसले उपन्यासमा सम्भ्रान्तहरूको प्रयोग अवरजनको स्थितिबोधका लागि गरिन्छ भन्ने जनाउँछ ।

## २.६.निष्कर्ष

'अञ्चल' शब्दमा इक प्रत्यय लागेर 'आञ्चलिक' शब्द बन्दछ र 'आञ्चलिक' मा 'ता' प्रत्यय जोडिँदा 'आञ्चलिकता' शब्द बन्दछ । 'आञ्चलिकता' शब्द मुख्यतः तथा नेपाली साहित्यमा प्रयोग गरिएको पाइन्छ भने अङ्ग्रेजी शब्द रिज्नलिज्मको नेपाली रूपान्तरको रूपमा प्रयोग गरिएको पाइन्छ । 'रिज्नलिज्म' शब्द अङ्ग्रेजीको रिजनबाट रिजिअनल हुँदै बनेको हो । अञ्चल शब्दले कुनै प्रान्त, क्षेत्र, प्रदेश, भेग वा ठाउँ भन्ने अर्थ बुझाउँदछ भने आञ्चलिक शब्दले कुनै प्रान्त, प्रदेश, भेग, ठाउँसँग सम्बन्ध राख्ने भन्ने अर्थ जनाउँछ । यस क्रममा प्रथमतः विधागत स्वरूपको सङ्क्षिप्त चर्चा गर्दै तत्त्वहरूको अध्ययन गरिएको छ । आख्यानात्मक गद्यशैलीमा लेखिने यस विधामा वर्तमान जीवनका विविध पक्षको चित्रण हुन्छ । घटना, पात्र, परिवेश आदिको कलापूर्ण अन्वयमा उपन्यासको स्वरूप तयार हुन्छ भन्ने निष्कर्ष निकालिएको छ । आफ्नो निश्चित शैली संरचना र सीमामा रहेर जीवन जगत्को एक पक्षको सटिक चित्रणतर्फ लक्षित हुनु उपन्यासको प्रकृति हो भन्ने पनि अध्ययनबाट स्पष्ट भएको छ ।

निश्चित भौगोलिक पर्यावरण र त्यस पर्यावरणभित्रको जीवनको विशिष्ट चित्रण भएको, स्थानीय समाजको समाजशास्त्रीय चित्रण भएको, प्रारुपीय पात्रको अभाव र सामूहिक चित्रण भएको, लोकजीवन, संस्कृतिको चित्रण भएको, भाषिक प्रयोगमा आञ्चलिकता झल्किएको र आञ्चलिकता नै उद्देश्य भएका कारणले आञ्चलिक उपन्यासका रुपमा नेपाली उपन्यास परम्परामा धेरै उपन्यासहरू देखा परेका छन् । आञ्चलिक उपन्यास अनुरूप चरित्रचित्रण गरिएको छ । स्थानीयता, विशिष्टता, पृथकता जस्ता आञ्चलिक विशेषताहरू राम्ररी प्रष्टिन्छन् । नेपाली आञ्चलिक उपन्यासको सूत्रपात भने शंकर कोइरालाको **खैरेनी घाट** (२०१८) बाट भएको देखिन्छ । त्यसपछि **रने, आज रमिता छ, आत्मा बेचेको छैन, एक पालुवा अनेकौं याम, लिलाम** र **नरेन्द्र दाई** आदि उपन्यासले बोकेको आञ्चलिकता आजसम्म आइपुग्दा **सकस, लू** हुँदै **सेतो धरती** र **कालो छाँया**सम्मले जीवन्त राख्दै गरेका छन् ।

परिच्छेद : तीन

# जगदीश घिमिरेको सङ्क्षिप्त जीवनी, औपन्यासिक यात्रा र प्रवृत्ति

## ३.१ विषय प्रवेश

कुनै पनि लेखकको लेखन क्रमिक रूपमा विकसित हुँदै गएको हुन्छ । कुनै खास र निश्चित समयमा लेखक कुनै विचार वा जीवनको अनुभूतिबाट प्रेरित प्रभावित भएको हुन्छ र ती कुरा उसले आफ्ना कृतिमा प्रस्तुत गरेको हुन्छ । त्यसैले साहित्य वा कृतिलाई राम्ररी बुझ्नका लागि लेखकको सिर्जना यात्रा र प्रवृत्तिको अध्ययनले सघाउ पुऱ्याउँछ । यस परिच्छेदमा जगदीश घिमिरेको औपन्यासिक यात्रा र प्रवृत्तिको अध्ययन गरिएको छ ।

### ३.१.१ जन्म, जन्मस्थान र मृत्यु

जगदीश घिमिरेको जन्म वि. सं. २००२ साल चैत्र २८ गते बुधबारका दिन भएको हो । उनको जन्मस्थान रामेछाप जिल्लाको मन्थली भन्ने गाउँको ब्राह्मण परिवारमा भएको थियो भने उनको मृत्यु वि. सं. २०७० कार्तिक १४ गते काठमाडौंमा भएको थियो ।

### ३.१.२ पारिवारिक पृष्ठभूमि

जगदीश घिमिरेका पूर्वजहरू मन्थली रामेछापका हुन् । यिनका पुर्खाहरूमध्ये देवानन्द घिमिरेले पृथ्वीनारायण शाहबाट रामेछाप जिल्लाको विभिन्न भागमा बिर्ता पाएका थिए । यसैले यिनीहरूको मुख्य पेसा खेतीपाती नै थियो भन्ने बुझिन्छ । आर्थिक दृष्टिकोणले पनि यिनीहरू उच्च मध्यमवर्गीय परिवारमा पर्दथे भन्ने जानकारी पाइन्छ (जगदीश घिमिरे प्रतिष्ठान, मन्थली) ।

जगदीश घिमिरेका पिता सरकारी न्याय सेवामा कार्यरत व्यक्ति थिए । उनले सोह्र वर्षको उमेरमा नै सरकारी जागिरमा प्रवेश पाएका थिए । आफ्नो कडा मिहिनेत र परिश्रमले गर्दा सरकारी न्याय सेवाको सामान्य कर्मचारीदेखि लिएर अञ्चलाधीशसम्म बन्न पुगेका थिए ( जगदीश घिमिरे प्रतिष्ठान, मन्थली) । आफ्नो जागिरको क्रममा रामेछाप, महोत्तरी, सल्यान र नेपालगन्जजस्ता विभिन्न ठाउँहरूमा उनले लामो समय बिताएका थिए । उनी घरायसी

व्यवहारमा दक्ष, इमानदार र अनुभवी थिए भने समाजसेवाको क्षेत्रमा त्यत्तिकै अग्रसर भएर रहेका व्यक्ति थिए । यसैले जगदीश घिमिरेमा पनि उनका पिताको इमानदार समाजसेवी तथा परोपकारी भावनाको छाप परेको देखिन्छ ।

### ३.१.३ बाल्यकाल र शिक्षादीक्षा

उच्च मध्यमवर्गीय परिवारमा जन्मेका जगदीश घिमिरेको बाल्यकाल अत्यन्त सुखद रहेको बुझिन्छ । उनको बाल्यकालमा कुनै पनि प्रिय तथा अप्रिय घटनाहरू घटेको बुझिँदैन ( जगदीश घिमिरे प्रतिष्ठान, मन्थली) । शिक्षित र उच्च मध्यमवर्गीय परिवारमा जन्मेका घिमिरेको अक्षरारम्भ वि. सं. २००७ सालमा श्रीपञ्चमीको दिन आफ्नै घरमा पिता इन्द्रप्रसाद घिमिरेबाट भएको हो । इन्द्रप्रसाद घिमिरेले आफ्ना सन्तानहरूलाई राम्रो शिक्षा दिनका लागि आफ्नै घरमा पढ्ने व्यवस्था पनि मिलाएका थिए । त्यस समयमा मन्थलीमा शिक्षाको राम्रो व्यवस्था नभएकाले उनले आफ्नो जागिर सँगसँगै आफ्ना छोराहरूलाई पढाउन थालेका थिए । जगदीश घिमिरेको विद्यालयीय शिक्षाको सुरुवात वि. सं. २००८ सालमा लक्ष्मीचण्डी मुरारका माध्यमिक विद्यालयबाट भएको हो । वि. सं. २०१० सालपछि उनले सल्यान जिल्लाको सदरमुकामको विद्यालयमा अध्ययन गरे । उनी वि. सं. २०१२ सालमा नेपालगञ्जको विद्यालयमा अध्ययन गर्न पुगे । यसपछि वि. सं. २०१५ सालमा काठमाडौँको पद्मोदय हाइस्कुलमा अध्ययन गर्न लागे र यही विद्यालयबाट वि. सं. २०१७ सालमा एस्. एल्. सी. परीक्षा तृतीय श्रेणीमा उत्तीर्ण गरे । उनी विद्यालयमा अध्ययन गर्दा जेहेन्दार विद्यार्थी रहेको भने देखिँदैन (जगदीश घिमिरे प्रतिष्ठान, मन्थली) ।

घिमिरेले आफ्नो उच्चशिक्षा अध्ययन गर्ने क्रममा वि. सं. २०१८ सालमा पब्लिक साइन्स कलेज (अमृत साइन्स कलेज) काठमाडौँमा विज्ञान विषय लिएर आफ्नो उच्च शिक्षाको अध्ययन प्रारम्भ गरे । उनलाई विज्ञान पढ्ने अभिरुचि त्यति नभएकाले यस विषयलाई बिचैमा छाडे । त्यसपछि सन् १९६७ मा जयनगरको डि. बी. कलेज (बिहार, भारत) बाट प्रवीणता प्रमाणपत्र तह प्रथम श्रेणीमा उत्तीर्ण गरे । यही कलेजबाट नै सन् १९६९ मा कला विषयमा नै स्नातक तह पनि प्रथम श्रेणीमा उत्तीर्ण गर्न पुगे । यसपछि कोलम्बो प्लानअन्तर्गत भारतको पटना विश्वविद्यालयबाट सन् १९७२ मा समाजशास्त्र विषयमा स्नातकोत्तर तह द्वितीय श्रेणीमा उत्तीर्ण गरेका हुन् ।

घिमिरेमा विद्यालयीय शिक्षा आर्जनभन्दा उच्चशिक्षा आर्जन गर्ने क्रममा बौद्धिक चेतना बढ्दै गएको पाइन्छ । उनले नेपाल परिवार नियोजन सङ्घमा जागिर खाँदा त्यहीँबाट छात्रवृत्ति पाएर बेलायतको वेल्स युनिभर्सिटीबाट सन् १९७६ मा जनसङ्ख्या शिक्षामा एक बर्से स्नातक गरेका थिए । यसरी घिमिरेले एम्. ए. सम्मको उपाधि लिएर आफ्नो औपचारिक शिक्षा समाप्त गरेका थिए ।

### ३.१.४ व्रतबन्ध, विवाह र दाम्पत्य जीवन

जगदीश घिमिरेको व्रतबन्ध परम्परागत रीतिअनुसार तेह्र वर्षको उमेरमा सल्यान जिल्लामा सम्पन्न भएको हो । घिमिरेको विवाह २९ वर्षको उमेरमा वि. सं. २०३१ साल वैशाख महिनामा परम्परागत पद्धतिअनुसार विराटनगर निवासी गणेशप्रसाद आचार्यकी काहिँली छोरी दुर्गा आचार्यसँग भएको हो ((जगदीश घिमिरे प्रतिष्ठान, मन्थली) । घिमिरेकी श्रीमती घरव्यवहार चलाउन सक्षम, विदुषी तथा प्रख्यात समाजसेवी महिला भएकीले उनलाई लेखन कार्यमा कुनै किसिमका समस्या र पारिवारिक जञ्जालले केही असर गरेको पाइँदैन । घिमिरेका एक छोरा र एक छोरी छन् । उनका छोराको नाम हिमाल घिमिरे हो भने छोरीको नाम जून घिमिरे हो ।

### ३.१.५ आजीविका

उच्च मध्यमवर्गीय जागिरे परिवारमा जन्मिएका घिमिरेको प्रमुख पेसा विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्था तथा निकायलाई ग्रामीण विकाससम्बन्धी सल्लाह दिनु थियो । वर्तमान समयमा उनी विश्व छिमेकी नामक संस्थाको प्रतिनिधिका रूपमा कार्यरत रहेका थिए । यसबाट प्राप्त स्रोत नै उनको प्रमुख कमाइ थियो । यसका अतिरिक्त खास आयस्रोत केही नभए पनि जीवन धान्नका लागि केही समस्या भएको देखिँदैन । आफ्नो खेतीपाती अरूलाई कमाउन दिएर पनि उनले राम्ररी नै आफ्नो परिवार धानिरहेका थिए । उनकी श्रीमती दुर्गा घिमिरे पनि विभिन्न सङ्घ संस्थामा स्वयम् सेविकाको रूपमा बिना पारिश्रमिक काम गरेको भए तापनि घिमिरेको आर्थिक स्थिति सबल नै देखिन्छ । यसरी सुसम्पन्न परिवारकै स्तरले उनले आफ्नो जीवनयापन गरिरहेका थिए ।

### ३.१.६ भ्रमण

जगदीश घिमिरेले विभिन्न कामका सिलसिलामा आफ्नो देश नेपालका विभिन्न ठाउँहरूको भ्रमण गरेका थिए । उनले विदेश भ्रमणका क्रममा छिमेकी राष्ट्र भारतमा सर्वप्रथम पदार्पण गरेका थिए । अन्तर्राष्ट्रिय क्षेत्रको जागिर तथा विभिन्न कामको सिलसिलामा भ्रमण गर्ने क्रममा उनले भारत, पाकिस्तान, श्रीलङ्का, बङ्गलादेश, माल्दिभ्सजस्ता दक्षिण एसियाली मुलुकको भ्रमण गरेका थिए । त्यस्तै उनले अमेरिका, बेलायत, चीन, थाइल्यान्ड, इन्डोनेसिया, पूर्व युगोस्लाभिया, अस्ट्रेलिया, फ्रान्स, फिलिपिन्स, हुन्डुरस, केन्या र क्यानाडाको पनि भ्रमण गरेको पाइन्छ । बेलायतमा भने केही समयसम्म उनले बसोबास पनि गरेका थिए । समग्रमा उनले संसारका प्रायः प्रमुख देशहरूको भ्रमण गरेको देखिन्छ ।

### ३.१.७ सम्मान तथा पुरस्कार

नेपाली साहित्यका वहुमुखी प्रतिभा जगदीश घिमिरेले नेपाली साहित्यमा दिएको योगदान बापत् उनलाई विभिन्न सङ्घसंस्थाहरूले सम्मान तथा पुरस्कारहरू दिएका थिए । नेपाली कथा साहित्यमा उत्कृष्ट कथाहरूको सिर्जना गरे बापत् वि. सं. २०४४ मा गुरुप्रसाद मैनाली कथा पुरस्कार प्राप्त गरेका थिए । यस्तै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थामा उत्कृष्ट सेवा गरेवापत् आफू संलग्न सङ्घसंस्थालाई पनि पुरस्कार प्राप्त गराउन उनी सफल भएका थिए । यसरी नै सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्बाट सामाजिक क्षेत्रमा उत्कृष्ट कार्य गरी वि. सं. २०४५ मा रनिङ्ग सिल्ड प्राप्त गरेको पाइन्छ । घिमिरेले सामुदायिक सेवा समन्वय समितिअन्तर्गत तामाकोशी सेवा समितिलाई कदरस्वरूप उक्त प्रमाणपत्र प्रदान गराएका थिए । नेपाल अधिराज्यका समाजसेवी तथा सङ्घसंस्थाहरूमध्ये आफ्नो क्षेत्रमा उत्कृष्टता हासिल गरेवापत् दिइने महिला तथा समाज कल्याण मन्त्रालयबाट २०५३/०५४ को राष्ट्रिय सङ्घ संस्था पुरस्कार रु. २५,०००।- तामाकोशी सेवा समितिलाई दिलाउन उनी सफल भएका थिए । यसरी नै 13th SIAN ADVERTISING CONGRESS द्वारा CONTRA CEPTIVE SOCIAL MARKETING को निर्माणका लागि गरेको ADVERTISING CAMPAIGN का लागि विशिष्ट पुरस्कार नेपालको

तर्फबाट जगदीश घिमिरे र यादव खरेलले संयुक्त रूपमा सन् १९९० मा सिङ्गापुरबाट प्राप्त गरेका थिए । यसरी नै घिमिरेले **अन्तर्मनको यात्रा** नामक आत्मकथात्मक कृतिका लागि २०६४ सालको मदन पुरस्कार र उत्तम शान्ति पुरस्कार प्राप्त गरेका थिए ।

### ३.१.८ साहित्य लेखन

रामेछाप जिल्लाको मन्थली भन्ने ठाउँमा २००२ साल चैत्र २८ गते जन्मेका घिमिरेले नेपाली साहित्यका विभिन्न विधामा कलम चलाइसकेका छन् । सर्वप्रथम उनको 'श्री ३ गिद्ध' नामक कथा २०२१ सालमा जनकपुरधामबाट प्रकाशित हुने **अञ्चल सन्देश** पत्रिकामा प्रकाशित भएको पाइन्छ । त्यसपछि घिमिरेले अविरल रूपमा साहित्य सृजना गरेको देखिन्छ । घिमिरेका कथाविधाका **जगदीशका कथाहरू** (२०२७), **केही कथा, कविता र संस्मरण** (२०३४) र **बर्दी** ( २०६६) गरी तीन कथासङ्ग्रहरू एवम् अन्य केही फुटकर कथाहरू प्रकाशित भइरहेका छन् । पहिलो र तेस्रो सङ्ग्रह उनको कथाहरूको मात्र सङ्ग्रह हो भने दोस्रो कृति तेह्रवटा कथाहरूसहित केही कविता र संस्मरण समेतको संयुक्त सङ्ग्रह हो । यसै गरी उनका उपन्यास विधामा **लिलाम** (२०२७) र **साबिती** (२०३३) प्रकाशित भएको देखिन्छ । उनको **अन्तर्मनको यात्रा** (२०६४) (आत्मालाप) प्रकाशित कृति हो ।

नेपाली कथाको नवयुगका सुरुआतसँगै कथालेखन आरम्भ गरेका घिमिरेको कथाकारितामा छुट्टै किसिमको विशेषता रहेको देखिन्छ । अनेकार्थ बुझाउने क्षमता भएका घिमिरेका कथाले कुनै न कुनै रूपमा पाठकवर्गलाई नयाँ सन्देश दिने प्रयत्न गरेको देखिन्छ । उनका कथामा गाउँले जनजीवन, गरिब, निमुखा र समाजमा पिछडिएका जातिजातिलाई विशेष महत्त्व दिइएको छ भने सहरीया, सम्भ्रान्त, धनी र सम्पन्न वर्गका भनिनेहरूका वास्तविकतालाई पनि कोट्याउने भरपुर प्रयत्न गरेको पाइन्छ । हास्यव्यङ्ग्य, वक्रोक्ति वैचित्र्यका साथै विविध नवीनताको प्रयोग घिमिरेका कथामा प्रशस्तै पाउन सकिन्छ ।

## ३.२ उपन्यास यात्रा

साहित्यकार जगदीश घिमिरेले नेपाली साहित्यका विभिन्न विधामा कलम चलाएको देखिन्छ । जगदीश घिमिरेको कृतित्व र लेखक व्यक्तित्व नेपाली साहित्यमा उत्कृष्ट रूपमा रहेको पाइन्छ । उनले नेपाली साहित्यमा पनि कथा, कविता, उपन्यास, संस्मरण, नाटक, समालोचना क्षेत्रमा आफ्नो स्रष्टा र द्रष्टा व्यक्तित्वको उजागर गरेका थिए । यहाँ घिमिरेको नेपाली भाषामा प्रकाशित उपन्यास यात्राको मात्र निरूपण गरिएको छ । यसका साथै उपन्यासका प्रवृत्तिका आधारमा चरण विभाजन गरी सम्बन्धित चरणमा प्रकाशित उपन्यासहरूका आधारमा उनको औपन्यासिक व्यक्तित्वलाई स्पष्ट पारिएको छ ।

## ३.३ जगदीश घिमिरेको उपन्यास यात्राको चरण विभाजन

वि.सं. २०२१ सालदेखि सार्वजनिक लेखनयात्रा प्रारम्भ गरेका जगदीश घिमिरेको नेपाली साहित्यिक यात्रा वर्तमानसम्म आइपुग्दा साढे तीनदशक लामो समयावधि नेपाली साहित्यको उन्नति र श्रीवृद्धिमा समर्पित भएको देखिन्छ । साहित्यसिर्जनामा घिमिरेको अतुलनीय प्रतिभा, पेसा, विज्ञता र अध्ययनशील व्यक्तित्वले जेजति सहयोग पुग्यो त्यसका विपरीत अनेक क्षेत्रसँगको सम्बद्धताले उनी जीवनमा अत्यन्तै व्यस्त रहेका देखिन्छन् । व्यस्त जीवनमा पनि साहित्य सिर्जनामा आफ्नो प्रतिभा र विज्ञतालाई प्रदर्शन गराउन पछि परेका छैनन् । उनले साढे तीन दशक लामो आफ्नो सार्वजनिक लेखनयात्रामा दुई वटा उपन्यासहरू लेख्न र प्रकाशन गर्न सफल भएका थिए । उनको उपन्यास लेखनकार्य नियमित र निरन्तर हुन नसकेको देखिन्छ । उनले ३० को दशकमा मात्र उपन्यास विधामा कलम चलाएको देखिन्छ । उनका दुई वटा उपन्यासहरूका विषयवस्तु र प्रवृत्तिका आधारमा उनको उपन्यास यात्रालाई दुई चरणमा विभाजन गरी अध्ययन गर्न सकिन्छ :

१. पहिलो चरण : २०२४-२०२७ सम्म ।

२. दोस्रो चरण : २०२८ -२०७० सम्म ।

### ३.३.१ पहिलो चरण

जगदीश घिमिरेको उपन्यास यात्राको पहिलो चरण २०२४ देखि २०२७ सालको समयलाई मान्न सकिन्छ । यस चरणमा उनको उपन्यास **लिलाम** (२०२७) प्रकाशित भएको पाइन्छ । ग्रामीण जीवनको वास्तविकता र गाउँमा हुने गरेका शोषण, उत्पीडन आदिलाई गहिरोसँग विश्लेषण गरेका घिमिरेले नेपाली समाजमा देखिएका विकृति तथा विसङ्गतिलाई यस उपन्यासमा प्रस्तुत गरेको पाइन्छ । यसरी नै हाम्रा गाउँघरमा मौलाएको शोषणको प्रवृत्ति लगायतका नेपाली समाजको यथार्थ छविलाई उनको यस चरणको उपन्यासले समेटेको छ ।

सामाजिक यथार्थको छविलाई खिँचेर हाम्रा गाउँ, समाजमा मानिसहरू कसरी जीवन बिताइरहेका छन् । उनीहरूले कस्तो दुःखकष्ट भ्mेल्नु परेको छ । गरिबहरूको दिनचर्या कसरी बितिरहेको छ जस्ता विभिन्न परिस्थितिलाई दृश्य विम्बका रूपमा खिचेर घिमिरेले यस उपन्यासमा प्रस्तुत गरेका छन् । नेपालीहरूले नेपालीहरूकै शोषण गरिरहेको कारुणिक यथार्थलाई वास्तविक रूप दिएर यस उपन्यासमा प्रस्तुत गरिएको पाइन्छ । उनले यस उपन्यासमा ग्रामीण जीवनका सानासाना कुरा पनि बढी रोचक ढङ्गमा घोचक शैलीमा देखाएका छन् । नेपालका ग्रामीण जीवनमा हुने गरेका शोषणलाई बहादुरे, सेती, पम्फी, माइली, साहिँली, महेश्वर, दलवीर, करवीर, डाक्टर, मङ्गलध्वज, बिजुले, धनप्रसाद, भाउजू, कान्तिनाथ, न्हुच्छेलाल, श्रीजङ्ग, विष्णुप्रसाद, चित्रबहादुर आदि पात्रका माध्यमबाट उपन्यासमा देखाइएको छ । जीवनमा परिश्रम गर्दागर्दै पनि बाबुले दिएको जग्गा गाउँका मुखियाहरूले बाबुले नै लिएको ऋणवापत् लगेपछि बिचरा बहादुरेले त्यो गाउँ छोड्नु पर्दछ । बाबुले लिएको वा नलिएको कुनै प्रमाण नदेखाई जग्गा लिलाम हुने भएपछि बहादुरेसँग त्यो गाउँ छोडेर जाँदा बाटामा पर्ने कोशी तर्दा माझीलाई तिर्ने पैसा समेत नभएको कुरा बताएर समाजमा समाजका मुखिया भनाउँदा शोषकहरूले दिनरात गरिबहरूको शोषण गरेर जीवनयापन गर्ने गरेको सामाजिक यथार्थलाई यस उपन्यासमा देखाइएको छ । यसरी नै उपन्यासले नेपालीहरूले विदेशसम्म गएर बहादुर नाम कमाइ देशको इज्जत बढाएको कुरालाई पनि प्रस्तुत गरिएको छ ।

यसरी प्रस्तुत उपन्यासमा कोशी भेगको पहाडी जीवनको सामाजिक यथार्थता र घरबारी लिलाममा परेका अकिञ्चन परिवारको उद्वेलित मानसिक यथार्थलाई प्रस्तुत गरिएको छ । मङ्गलध्वजजस्ता समाजका धमिराहरूलाई जति सक्दो छिटो निखार्न सकेमा मात्र समाज र देशले उन्मुक्त रूपमा सास फेर्न पाउनेछन् र शोषणरहित समाजको रचनाको अभियानमा तीव्र गति आउनेछ भन्ने मूल कथ्यलाई उपन्यासको उद्देश्यका रूपमा अभिव्यक्त भएको छ ।

यी कृतिमा जति वैचारिकता छ त्यत्तिकै मात्रामा सौन्दर्यशक्ति पनि प्रचुर छ । यिनको यस उपन्यासले त्यतिखेरको समाजको चित्र कोर्न समर्थ भएको छ । भावको विपुलता र कल्पनाको प्रचुरताले उपन्यास स्वच्छन्द बनेको छ । यिनको यो उपन्यास विचार र सौन्दर्यशक्तिको सम्मिश्रणबाट समीकृत बन्न पुगेको छ । यस चरणको उनको उपन्यासमा शिल्पशैली, साङ्गठनिक पूर्ति, बौद्धिक परिपक्वता जस्ता विशेषताहरू रहेका छन् । सरल शैली र औपन्यासिक तत्त्वहरूलाई यथा स्थानमा राखेर घिमिरेले समाजको बिम्ब कोर्न सफल भएकाले उनले यो उपन्यासमार्फत् आफूलाई सामाजिक यथार्थवादी उपन्यासकारका रूपमा उभ्याउन सफल भएका छन् ।

### ३.३.२ दोस्रो चरण

जगदीश घिमिरेको उपन्यासको दोस्रो चरण वि.सं.२०२८ देखि मृत्युपर्यन्तसम्म हो । यस चरणमा उनले **साबिती** (२०३२) र **सकस** (२०६९) उपन्यास लेखेका छन् । आलोचनात्मक यथार्थवादी औपन्यासिक पद्धतिलाई आत्मसात् गरी रचना गरिएको पछिल्ला उपन्यासमा नेपालको वर्तमान सामाजिक जीवनका अनेक विषयहरू वर्णन गरिएको छ । दर्शनदेखि यौन व्यवहारसम्म कुनै पनि कुरा नछोडी यस उपन्यासको नायक सामाजिक विकृतिलाई बताउँछ । यसका साथै मधेस र मधेसका आसपास तथा भारतको रेलस्टेसन र रेलको अनुभव समेत उपन्यासमा प्रस्तुत गरिएको छ । उपन्यासमा के गर्नु पर्छ र समाज कस्तो बनाउनु पर्दछ भन्ने कुरामा सबै स्पष्ट हुँदाहुँदै पनि सो गर्न हामी असमर्थ हुन्छौँ र पश्चात्तापको भुमरीमा आत्मआलोचना गर्छौं । परम्परा र सामाजिकता, न्याय, कानुन, पैसा, युद्ध, तानातान र धोका

आदिबाट टाढा भई आत्मिक रूपमा अस्तित्वको संरक्षण गर्दा पनि जीवन शून्यमय जीवन शून्यमय बन्ने गरेको अवस्थालाई उनका पछिल्ला उपन्यासले प्रस्तुत गरेका छन् ।

वर्तमान समयको जीवनको भोगाइ र यथार्थलाई घिमिरेले प्रस्तुत गरेका छन् । हाम्रो जीवन प्रक्रिया नयाँ मोडतिर प्रवृत्त हुँदैछ । हाम्रो व्यक्ति, परिवार र सामाजिक संस्थाका मूल्यहरू खल्बलिँदैछन् । जीवन भोगाइ जटिल बन्दैछ भन्दै उपन्यासकारले आजको विसङ्गतिपूर्ण भोगाइलाई व्यक्त गरेका छन् । यसरी नै हाम्रो सामाजिक व्यवस्था नवसामन्तवाद र शोषणका आधारभूत स्तम्भहरूलाई उपन्यासले केस्राकेस्रा गरेर केलाइदिएका छन् । देशको जरजर व्यवस्थाले राजनीति र सत्ताले पिल्सिएका जनताहरू अराजकतावादी बन्दै छन् भन्दै आजको युगको जटिलता, विसङ्गति र मखुण्डे प्रवृत्तिलाई तीव्र रूपमा व्यङ्ग्य गरिएको छ । घिमिरेले आफूले जिन्दगीमा भोगेका, देखेका, विवशता, कुण्ठा, घातको बयान गरेका छन् । उपन्यासमा समाजको यथार्थ अत्यन्त मर्मस्पर्शी भाषामा अभिव्यक्त भएको छ । समाजमा विविध क्षेत्रका विकृतिहरूलाई तीव्र व्यङ्ग्य गरिएको यस उपन्यासले समाज सुधारको सन्देश बोकेको छ । गरिबीले थिल्थिल्याइएका सम्पूर्ण मानवको शारीरिक अवस्थालाई उपन्यासमा उपन्यासकारले प्रस्तुत गरेका छन् ।

यसरी यस चरणमा वर्तमान समयमा तीव्र रूपमा विकास भइरहेको सामाजिक विकृति तथा विसङ्गतिलाई आलोचनात्मक रूपमा प्रस्तुत गरेर आलोचनात्मक यथार्थवादी उपन्यासकारका रूपमा स्थापित गर्न यस चरणमा घिमिरे सफल भएका छन् । उनको प्रतिभा, ज्ञान, अनुभव, भ्रमण, पेसा आदिले उनलाई नेपाली साहित्यमा एक सफल उपन्यासकारका रूपमा स्थापित गराउन सहयोग गरेको छ ।

## ३.४ जगदीश घिमिरेको औपन्यासिक प्रवृत्ति

नेपाली साहित्यका कथा, कविता र उपन्यास विधामा निपूर्ण देखिएका जगदीश घिमिरे नेपाली साहित्यको कथा तथा उपन्यास विधामा मनोवैज्ञानिक साहित्यकारका रूपमा प्रतिष्ठित छन् । वि.सं. २०२१ देखि साहित्यकार व्यक्तित्वलाई सार्वजनिक गरेका घिमिरेले तीनवटा

उपन्यास प्रकाशन गरेका छन् । उनी खास गरी मानव मनको सूक्ष्म विश्लेषण गर्नका साथै सामाजिक, आर्थिक र सांस्कृतिक विकृतिहरूको कलात्मक प्रस्तुति गर्न सफल छन् । यिनका उपन्यासमा प्रवृत्तिगत विविधता पाइन्छ । यिनका औपन्यासिक प्रवृत्तिलाई सामान्यीकरण गरी निम्नलिखित अनुसार प्रस्तुत गर्न सकिन्छ :

### ३.४.१. समाजिक यथार्थ

जगदीश घिमिरेले सामाजिक विषयवस्तुमा आधारित उपन्यासको रचना गरेका छन् । उनका कथामा सामाजिक आदर्श पनि अभिव्यक्त भएको देखिन्छ तापनि उनी मैनाली जस्ता सामाजिक आदर्शवादी कथाकार होइनन् । त्यसैले अधिकांश कथामा समाज, प्रकृति, ईश्वर, जस्ता मूर्त-अमूर्त वस्तुहरूलाई कथ्य बनाएर कथा लेख्ने काम घिमिरेबाट भएको छ । घिमिरे सामाजिक उपन्यासकारका रूपमा प्रतिष्ठा प्राप्त गर्न सफल रहेका छन् । उनका उपन्यासमा सामाजिक, राजनीतिक परिवर्तन, त्यसले व्यक्तिको सामाजिक, आर्थिक पक्षमा पारेको प्रभावको चित्रणमा घिमिरे सफल रहेको पाइन्छ । घिमिरेका उपन्यासहरूमा सामाजिक र राजनीतिक परिपाटीको सूक्ष्मता कथ्य भएर बसेको पाइन्छ । यसका साथै पात्रको मानस रचनाको पृष्ठभूमिमा समेत सामाजिक परिवेशलाई राखी उनले रचना गरेका छन् । उनका सामाजिक कथाले वर्गीय विभेद, विधवा समस्या, पारिवारिक चिसो सम्बन्ध, दाम्पत्य जीवनका अप्ठ्यारालाई देखाएका छन् । उनका दोस्रो चरणका उपन्यासहरूले सामाजिक राजनीतिक समस्यालाई देखाएका छन् । राजनीतिक परिवर्तन, त्यसले नेपाली समाजमा पारेको प्रभाव, प्रजातान्त्रिक शासन व्यवस्थाका विकृति र विसङ्गति, राजनीतिक परिवर्तनपछि नेपाली नारीमा आएको जागरण, उनीहरूको आत्मनिर्भर हुने प्रयत्न जस्ता विविध सामाजिक पक्षको चित्रण भएको पाइन्छ । यसका साथै राणा शासन तथा पञ्चायती शासनको पतन भइसकेपछि उनीहरूको अवस्था, पश्चिमी संस्कृति र शिक्षाले नेपाली सहरिया जीवनमा आएका परिवर्तन तथा स्थान विशेषका संस्कृतिको महत्त्व आदिलाई उनका उपन्यासमा राम्ररी चित्रण गरिएको

पाइन्छ । उनी सामाजिक उपन्यासकारका रूपमा पनि आफूलाई प्रतिष्ठित गर्नमा सफल भएका छन् ।

### ३.४.२. मनोविश्लेषण

घिमिरेको मनोविश्लेषणको प्रवृत्ति प्रथम चरणदेखि अन्तिम चरणसम्म रहेको देखिन्छ । उनले रतिरागात्मक र रतिरागेत्तर गरी दुई किसिमका मनोविश्लेषणात्मक उपन्यास लेखेका छन् । घिमिरेले कथाकार विश्वेश्वरप्रसाद कोइरालाको मनोवैज्ञानिक यथार्थवादको विस्तार गरेका छन् । रतिरागात्मक कथामा यौनकुण्ठाका कारणले प्रकट हुने मनोद्वन्द्वको विश्लेषण गरिएको छ । साथै चेतन र अचेतन मनको द्वन्द्वमा परेका पात्रहरूले गरेका कार्यको विश्लेषण गरेको देखिन्छ । यसका साथै घिमिरेका उपन्यासमा प्रेमको सूक्ष्मातिसूक्ष्म मनोवैज्ञानिक चित्रण पाइन्छ । मनोविज्ञानको सूक्ष्म चित्रण पाए तापनि उनलाई यथार्थ प्यारो लाग्ने भएकाले भावुकतासँग लिप्सिएर पनि मानिसभित्रका आत्मीय भाव, सौन्दर्य र चिन्तन प्रक्रियालाई उनले उपन्यासको कथामा देखाउन कुनै कसर छोडेका छैनन् ।

उनका उपन्यासमा मनोवैज्ञानिक सूक्ष्मताका साथै यथार्थको प्रस्तुति पाइन्छ । घिमिरेका उपन्यासमा यौनमनोविज्ञानको पनि चित्रण पाइन्छ । यौन मनोविज्ञानमा रुचि राखे पनि यिनका कथामा कोइरालाको जस्तो फ्रायडीय अनुप्रेरणा छैन अर्थात् फ्रायडीय सिद्धान्तको प्रभाव घिमिरेमा छैन । उनी मनोविज्ञानलाई मौलिक रूपमा प्रस्तुत गर्छन् । यस क्रममा घिमिरे कोइरालाको मनोवैज्ञानिक यथार्थता कै अनुगामी भएर देखापरेका छन् । यसरी हेर्दा नेपाली कथाको मनोवैज्ञानिक फाँटमा विश्वेश्वरप्रसाद कोइरालाले तयार गरेका कङ्काल आकृतिमा कथाकार जगदीश घिमिरेले मांसलता प्रदान गरेका छन् (सुवेदी, २०५७ : १९२) । घिमिरेको उपन्यासकारिता यथार्थको धरातलमा अडिएको छ र यसको निरन्तरताका निम्ति प्रेरणादायी र मार्गदर्शक पनि बनेको छ ।

मनोवैज्ञानिक साहित्य लेखनमा यौनलाई केन्द्रीय तत्त्व बनाएर आरम्भिक रेखाङ्कन गर्ने नेपाली स्रष्टा विश्वेश्वर प्रसाद कोइराला हुन् भने त्यसै प्रवृत्तिलाई विविधता र व्यापकता दिएर

सन्तुलित र सतर्क मनोवैज्ञानिक कथा सृजना गर्ने उपन्यासकार जगदीश घिमिरे हुन् । त्यसैले जगदीश घिमिरेलाई मानवीय प्रणय अनुरागको मनोवैज्ञानिक मीमांसा गर्ने संवेदनशील व्यक्तित्व मान्न सकिन्छ । यस दायित्वलाई उनले आफ्नै मौलिक ढङ्गमा पूरा गरेका छन् । नेपाली साहित्यमा आफूलाई मनोवैज्ञानिक यथार्थवादी उपन्यासकारका रूपमा स्थापित गर्न सक्नु उनको ठूलो विशेषता वा प्रवृत्ति हो ।

पात्रका मानसिक द्वन्द्वको स्थापना गरी त्यसलाई कलात्मक ढङ्गले प्रस्तुत गर्न घिमिरे सफल छन् । द्वन्द्व मूलतः दुई प्रकारका हुन्छन् - आन्तरिक र बाह्य । आन्तरिक द्वन्द्व व्यक्तिमनका दुई विपरीत विचार, धारणा एवम् मान्यताका बीच हुन्छ भने बाह्य द्वन्द्व सीमित रूपमा आएको हुन्छ । घिमिरेका पात्रहरूमा आन्तरिक द्वन्द्व पाइन्छ । त्यसैले घिमिरेका पात्रहरू कुनै न कुनै मानसिक द्वन्द्वका सिकार बनेका छन् । भावात्मक सूक्ष्म मनोद्वन्द्वले तिनको सोचाइ र व्यवहारमा अनौठो गतिविधि देखिन्छ । उनका उपन्यासमा पात्रको मानसिक द्वन्द्व मनोवैज्ञानिक र स्वच्छन्दताद्वारा मिश्रित हुन्छ । उनका उपन्यासमा कथामा मानसिक द्वन्द्वको स्थापना गरी कलात्मक सौन्दर्यका माध्यमबाट पात्रको मनोवैज्ञानिक गहिराइसम्म पुग्ने प्रयास गरिएको हुन्छ । साथै उनका कथामा मनो संरचनाका आफैभित्रका द्वन्द्व र पात्रपात्राका बीचका द्वन्द्वका कारणले कथामा पात्रले नियतिद्वारा निर्मित दुर्घटना भोग्नु परेको तथ्य पनि प्रस्तुत गरेको भेटिन्छ (सुवेदी, २०५७ : १९२) । यस दृष्टिले उनको लिलामको बहादुरे, सकसको शरद कुमारको मानसिक अवस्था उत्कृष्ट देखिन्छन् । तिनीहरू यस्तै प्रवृत्ति बोकेका पात्रहरू हुन् ।

घिमिरेका रचनामा पात्रका आन्तरिक एवम् बाह्य द्वन्द्वलाई समाजका पर्यावरणसँग जोडेर उजागर गरेको पाइन्छ । उनका कथामा बाह्य द्वन्द्वको तुलनामा पात्रहरूका मनोद्वन्द्वले सशक्तता पाएका छन् । पात्रका मानसिक द्वन्द्वको उपस्थापन र विकास घिमिरेका कथा लेखनको अर्को विशेषता हो । यसरी उपन्यासकार जगदीश घिमिरेले मनोवैज्ञानिक वा मानसिक द्वन्द्वको उपस्थापन र विश्लेषणमा सफलता प्राप्त गरेका छन् । उनका पात्रहरूका विविध द्वन्द्वात्मक मानसिक संवेगहरूको गहन अध्ययन गरिएको हुन्छ । साथै घिमिरेका पात्रले शिष्टतालाई त्याग

नगरी आन्तरिक अचेतन र बाह्य चेतन मन बीचमा द्वन्द्व सहेका हुन्छन् । पात्रका जीवनमा आइपर्ने दुःखद स्थितिमा त्यही मनोद्वन्द्वको भूमिका प्रबल देखिन्छ । यसका साथै द्वन्द्व र क्रियाव्यापारको अनुपातिक समायोजन गर्न सक्नु घिमिरेको उपन्यासकारिताको मौलिक विशेषता हो । व्यक्ति मानसिक तहमा उत्पन्न द्वन्द्वको चित्रण गर्नु उनको प्रमुख प्रवृत्ति हो ।

### ३.४.३. चरित्र प्रधानता

जगदीश घिमिरेका उपन्यासमा घटनालाई भन्दा चरित्रलाई महत्त्व दिइएको पाइन्छ । मनोवैज्ञानिक उपन्यासकारहरू उपन्यासमा पात्रको चरित्रलाई महत्त्व दिन्छन् । घिमिरे मनोवैज्ञानिक उपन्यासकार हुन् । उनी पात्रका अन्तर्मनको अध्ययन गरी उनीहरूका समस्याको चित्रण गर्न सफल छन् । घिमिरेका उपन्यासमा सुरुका चरित्रहरू मनोविज्ञान सम्मत भएर पनि बढी कल्पनाश्रित भएकाले त्यति यथार्थपरक हुन सकेका छैनन् । पछि यथार्थमा आश्रित भएपछि बढी समाज सापेक्ष भएका छन् । त्यसैले उनले आफ्ना उपन्यासमा पात्रको मानस अथवा मनोलोकभित्रका मार्मिक स्पन्दनलाई शब्दबद्ध गरी पाठक वर्गलाई जीवनबोध गराउने उद्देश्य लिएका छन् । त्यसैले गर्दा सुरुका चरित्र बढी आवेग प्रधान, भावुक, बुद्धिले भन्दा मनले निर्णय गर्ने बढी व्यक्ति देखिए तापनि पछिका चरित्रहरू यथार्थपरक जीवनारूप र प्रतिनिधिमूलक बन्दै गएका देखिन्छन् । उनका उपन्यासका कथामा प्रतिकूल चरित्रलाई पनि नायक-नायिका बनाइएको देखिन्छ । घिमिरेको चरित्रचित्रण गर्ने विधि प्रत्यक्ष छ भने अंशतः अप्रत्यक्ष पनि छ । उनका उपन्यासका चरित्रहरू प्राय : गतिशील छन् । 'सकस' उपन्यासकी शान्ति गतिशील पात्र हो । घिमिरेका उपन्यासका चरित्रहरू आर्थिक, सामाजिक समस्याका चपेटामा परेका छन् । उनका कतिपय पात्रहरू आफ्नो पुरानो अभिजात्य रवाफ र वर्तमानका सामाजिक, आर्थिक चपेटामा पिल्सिएका छन् । यस दृष्टिले उनको **लिलाम** उत्कृष्ट ठहर्छ । यस उपन्यासमा सामन्त वर्गका परम्परागत अहम् र तत्कालको अभावग्रस्तताको पीडापूर्ण मनोदशाको उद्घाटन गरेको पाइन्छ ।

घटनाप्रधान जस्ता लाग्ने उपन्यासमा पनि घिमिरेले पात्रको चारित्रिक विश्लेषणलाई नै जोड दिएका छन् । घिमिरेका पात्रहरू अनुकूल र प्रतिकूल बीचको सम्बन्धले र मानसिक दोधारले बाह्य र अन्तर्द्वन्द्वमा परेका छन् । उनका चरित्रहरू सजीव र विश्वसनीय छन् । उनी चरित्रप्रधान उपन्यास लेखनमा सफल छन् । अतः चरित्रप्रधान उपन्यास लेखन उनको महत्वपूर्ण प्रवृत्ति हो ।

### ३.४.४. आञ्चलिकता

जगदीश घिमिरे आञ्चलिक उपन्यासकार हुन् । उनले आफ्ना उपन्यासमा स्थान विशेषको चित्रणमा रूचि राखेको पाइन्छ । घिमिरे सामाजिक परिवेश अनुरूपको घटनाक्रमलाई जीवन्तता दिन सफल छन् । घिमिरेका उपन्यास मनोविश्लेषण प्रधान भएकाले तिनमा आन्तरिक परिवेश बढी चित्रित देखिन्छ । पछिका उपन्यासमा बाह्य तथा आन्तरिक दुवै परिवेश निर्माण गरेर उपन्यासलाई विश्वसनीय र कलात्मक बनाउन उनी सफल भएका छन् । घिमिरेका उपन्यासमा प्रयुक्त सहरी परिवेश, केही ग्रामीण परिवेश र केही विदेशी परिवेशसँग प्रस्तुत भएको पाइन्छ । उनको **सकस** उपन्यासमा सहरी परिवेश (काठमाडौंको विभिन्न क्षेत्रहरू सिनामङ्गल, तीनकुने, बानेश्वर, रत्नपार्क आदि) र ग्रामीण परिवेशका (मन्थली, रामेछाप, चरिकोट, बेतिनी, तामाकोशी किनार आदि) स्थान विशेष रूपमा प्रस्तुत भएको छ । घिमिरेका उपन्यासमा राजनीतिक परिवेश र त्यसले समाजमा पारेको प्रत्यक्ष प्रभावको चित्रण पाइन्छ । राजनीतिक परिवेशको चित्रणमा उनको सकस चर्चित छ । उनको बाह्य र आन्तरिक परिवेशको योगबाट निर्मित कथाको स्वर कुनैमा कारुणिक, कुनैमा विद्रुपात्मक, कुनैमा व्यङ्ग्यात्मक र कुनैमा प्रतीकात्मक हुन पुगेको देखिन्छ । यसरी उपन्यासको कथाको कुनै स्थान विशेषमा केन्द्रित भई घटनालाई केन्द्रमा राखेर परिवेशको व्यापक र जीवन्त चित्रण गर्नु घिमिरेको औपन्यासिक विशेषता हो ।

### ३.४.५ नवीन शैलीको प्रयोग

जगदीश घिमिरेका उपन्यास सामाजिक, राजनीतिक र प्रेमविषयमा केन्द्रित रहेका छन् । यी विषयवस्तु अँगालेर रचना भएका घिमिरेका उपन्यासको भाषाशैली सबल र दुर्बल दुवै गुण-अवगुणयुक्त पाइन्छ । उनको भाषिक प्रयोगमा हिन्दी, मैथिली तथा स्थानीय व्यक्तिबोलीको ठूलो प्रभाव पाइन्छ । घिमिरेको भाषाले तत्सम शब्द चयनमा सरलता छोडेर जटिलताको अनुसरण गरेको छ । त्यसैले संवृत रूपविन्यासका उपन्यासकार भएर पनि भाषिक शिल्पका दृष्टिले घिमिरेका उपन्यासहरू निकै जटिल बन्न पुगेका छन् । जसरी इन्द्रबहादुर राईले राई भाषीले प्रयोग गर्ने नेपाली भाषाको प्रयोग गरी विशिष्ट भाषाशैली निर्माण गरेका छन्, त्यस्तै नेपाल भाषी गोविन्द गोठालेले नेवारी भाषीले प्रयोग गर्ने नेपाली भाषाको प्रयोग गरी विशिष्ट भाषाशैली निर्माण गरेझैं घिमिरेले पनि मैथिली, हिन्दी भाषा प्रयोग गर्ने नेपाली भाषीको प्रयोग गरी विशिष्ट भाषाशैलीको निर्माण गरेका छन् । यस प्रकारको भाषा प्रयोग गर्नु नै उनको भाषाशैलीगत विशेषता हो । उनका औपन्यासिक भाषामा भाव प्रवाह र काव्यात्मकता हुनु उनको निजी विशेषता हो । मनोवैज्ञानिक यथार्थवादी र आंशिक स्वच्छन्दतावादी शैलीका माध्यमबाट उपन्यास लेखनलाई विश्लेषणात्मकता प्रदान गरी घिमिरेले उपन्यासलाई व्यापकता पैदा गरेका छन् ।

जगदीश घिमिरेका उपन्यासको भाषामा झर्रोपन र सरलता नभए पनि कथानकको सरसतामा कत्ति पनि बाधा नपर्ने खालको शैली छ, यो घिमिरेको शैलीगत प्राप्ति हो । घिमिरेका उपन्यासमा भाषिक जटिलता रहे पनि शैलीगत उच्चताले गर्दा उनी उत्कृष्ट उपन्यासकार बन्न पुगेका छन् । शैलीशिल्पका दृष्टिले हेर्दा सुरुका घिमिरेमा भावुक संवेदनशीलता देखिन्छ तर पछि उनी केही सहज-सरल बन्न पुगेको पाइन्छ । भाषिक दृष्टिले पनि आरम्भमा देखिएको जटिल तत्समनिष्ठ भाषाबाट केही परिष्कृत सरल र सरस भाषातिर क्रमशः विस्तार भएको देखिन्छ । यसरी हेर्दा उपन्यास यात्रासँग उनका उपन्यासका विषयवस्तु एवम् भाषिक शिल्पमा समेत परिवर्तन आएको पाइन्छ ।

उपर्युक्त प्रवृत्तिहरू बाहेक बाह्य दृष्टिबिन्दुको उत्कृष्ट प्रयोग, सरल एवम् रैखिक कथानक ढाँचा, अभिधात्मक अर्थसापेक्ष, प्रभावोत्पादक शीर्षक चयन आदि उनका निजी वैशिष्ट्यहरू हुन् । यसका साथै कलात्मक संरचना र कलाको संयोजन पनि उनका उपन्यासमा पाइन्छ ।

## ३.५. निष्कर्ष

समग्रमा घिमिरेका उपन्यासहरूले वर्तमान समयमा आर्थिक, सामाजिक, शैक्षिक, राजनीतिक, सांस्कृतिक, प्रशासनिक आदि क्षेत्रमा देखिएका विकृति तथा विसङ्गतिलाई खोतल्दै तिनको परिष्कार गर्ने सन्देश बोकेका छन् । उनको उपन्यास यात्राको पहिलो चरण खास गरी सामाजिक यथार्थमै केन्द्रित भएको छ भने दोस्रो चरण चाहिँ आलोचनात्मक यथार्थवादमा आधारित रहेको छ । साढे चार दशक लामो साहित्य यात्रामा तीन वटा उत्कृष्ट उपन्यास लेखेर घिमिरे नेपाली उपन्यासका क्षेत्रमा आफूलाई सामाजिक यथार्थवादी एवम् आलोचनात्मक यथार्थवादी उपन्यासकारका रूपमा उभ्याउन सफल भएका छन् । जगदीश घिमिरे सुरुमा सामाजिक यथार्थवादी धारामा कलम चलाउने स्रष्टा हुन् पछि उनले मार्क्सवादी चिन्तनको प्रयोग गर्दै प्रयोगवादी उपन्यास लेखे तर पनि उनका उपन्यासमा मनोविज्ञानको पनि प्रयोग भएकाले उनलाई मनोवैज्ञानिक उपन्यासकार मान्न सकिन्छ । मनोवैज्ञानिक यथार्थवाद उनको महत्त्वपूर्ण प्रवृत्ति हो । घिमिरेले घटनालाई भन्दा चरित्रलाई महत्त्व दिएर उपन्यास लेखेका छन् । उनी नारीवादी उपन्यासकार भएकाले नारी मानसिकताको चित्रण उनका उपन्यासमा पाइन्छ । यौनमनोविज्ञान र आञ्चलिकता उनका महत्त्वपूर्ण प्रवृत्तिहरू हुन् । पात्रका मानसिक द्वन्द्वको कलात्मक प्रस्तुति गर्नमा घिमिरे सफल छन् । घिमिरेको भाषिक शिल्पमा झर्रोपन र सरलता नभए पनि शैलीगत उच्चताले गर्दा उनका उपन्यास उत्कृष्ट छन् । उनको भाषा आरम्भमा कृत्रिम, जटिल, तत्समनिष्ठबाट क्रमशः परिष्कृत एवम् सरलतामा विस्तार भएको छ । यसका साथै बाह्य दृष्टिबिन्दुको उत्कृष्ट प्रयोग एवम् रैखिक कथानक ढाँचा पनि उनका निजी वैशिष्ट्यहरू हुन् ।

परिच्छेद : चार

# सकस उपन्यासमा आञ्चलिकता

## ४.१. विषय परिचय

**सकस** (२०६९) उपन्यासभित्र सुरुका घटना चरित्रप्रधान भएकाले तिनमा आन्तरिक परिवेश बढी चित्रित देखिन्छ । बाह्य परिवेश निर्माणमा भने ध्यान दिन सकिरहेको देखिँदैन, तर पछिका घटनामा बाह्य तथा आन्तरिक दुबै परिवेश निर्माण गरेर पात्रलाई विश्वसनीय र कलात्मक बनाउन उपन्यासकार जगदीश घिमिरे सफल भएका छन् । उपन्यासभित्रका केही कथा सहरी परिवेश र केही ग्रामीण परिवेशसँग सम्बन्धित छन् । उनका सहरी परिवेशमा काठमाडौं सहर, जनकपुर र रामेछापको बजार तथा ग्रामीण परिवेशको पहाडी क्षेत्रका स्थान विशेषका संस्कृति तथा सामाजिक पक्षको चित्रणमा रहेका छन् ।

प्रस्तुत उपन्यास **सकस**को कथामा नेपालको पूर्वी पहाडी क्षेत्र रामेछाप वरपरको व्यापक परिवेशको चित्रण गरिएको छ । उपन्यासमा राजनीतिक परिवेश र त्यसले पारेको प्रभावको चित्रण पाइन्छ । राजनीतिक परिवेशको चित्रणमा निम्न वर्गको विभिन्न घटनाको चित्रण भएको छ । उनको बाह्य र आन्तरिक परिवेशको योगबाट निर्मित सकसको स्वर कुनैमा कारुणिक, कुनैमा विद्रुपात्मक, कुनैमा व्यङ्ग्यात्मक र कुनैमा प्रतीकात्मक हुन पुगेको देखिन्छ । यसरी उपन्यासमा कुनै स्थान विशेषमा केन्द्रित भई घटनालाई केन्द्रमा राखेर परिवेशको व्यापक र जीवन्त चित्रण गर्नु उनको विशेषता हो ।

## ४.२ स्थानीय रङ्गको विशिष्ट प्रयोग

यस उपन्यासको कथावस्तु नेपालको पूर्वी पहाड रामेछापको वरिपरिका क्षेत्र हो । यो निम्न वर्गीय पहाडिया पात्रहरूको कार्यस्थल पनि हो । यसमा जनकपुर अञ्चलको जनकपुर र रामेछापदेखि काठमाडौंसम्मको क्षेत्र रहेको छ । कथाको केन्द्रविन्दु चाहिँ काठमाडौदेखि बत्तीस कोश पूर्वमा रहेको रामेछाप र मन्थली आसपासको क्षेत्र नै हो । धेरै वर्ष अगाडिदेखि तामाकोसी

किनार र मन्थली क्षेत्रका आसपासमा बसोबास गरिरहेका निम्न वर्गीय, गरिब, अशिक्षित दलित तथा गैरदलित जनजातिका जीवन पद्धति, पेसा, सामाजिक-साँस्कृतिक रीति-रिवाज, वेशभूषा र आर्थिक विपन्नतालाई उपन्यासमा देखाइएको छ । यसमा राजनीतिक पक्षपोषणमा रहेका व्यक्तिहरूको थिचोमिचो, अन्याय, अत्याचार, शोषण दमन, र मानवीय व्यवहारलाई देखाइएको छ । प्रस्तुत अन्याय, अत्याचार सहँदै आएका यहाँका बासिन्दाहरूले उक्त थिचोमिचो सहँदै प्रतिकार र प्रतिशोध गर्न नसकी भित्रभित्रै दबिएको अवस्था, डर र आतङ्कको वितण्डा, सरल, निर्दोष र अबोध जीवन प्रणाली एवम् दिनचर्याको विविध आरोह-अवरोहलाई उपन्यासमा प्रस्तुत गरिएको छ ।

**सकस** उपन्यासमा तराई तथा ग्रामीण परिवेशको जीवन्त चित्रण पाइन्छ । यस उपन्यासमा तराईको ग्रामीण भाषाको प्रयोग गरिएको पाइन्छ । जस्तो 'राखी ? अरे, छोड राखीका कुरा । मलाई प्रेमले जो बाध्छ्यौ बाँध । भैयाजी बदतमीजी नगर्नुस् (पृ.२६) ।

डेउडीमा छापामारहरू थपिए । सबैले उसलाई सलाम गरे । नाका नाकामा भुराहरू भेटिन्थे । मुठी बाँधेर बडो उत्साहपूर्वक सलाम गर्थे । अव्याधिना शरीरेण मनसा च निराधिना पूरयन्नर्थनामाशाः त्वं जीव शरदां शतम्, ओं ह्राम् ह्रीम् ह्रेम ह्रेम् जीबाके आत्मा आ जा चामुण्डा हुम् फट् (पृ.६७) जस्ता वाक्यको प्रयोगबाट उपन्यासमा मीठास र मधुरता थपिएको छ । ग्रामीण परिवेशका बर्को बोक्यो बसैं, कुखुरा काट्यो दशैं, साँचो बोले बात लाग्छ, झुटो बोले पाप लाग्छ, उखान टुक्काहरूको उचित प्रयोगले उपन्यासको भाषिक शिल्पलाई एकातिर मनोहर बनाएको छ भने अर्कोतिर भाव सम्प्रेषणमा तीव्र, तीक्ष्ण र गम्भीर बनेको छ । कि गरी खानु कि मरी जानु जस्ता उखान टुक्काको प्रयोगले भाषिक मिठास थपेको छ ।

**सकस** उपन्यास पढ्दा जनकपुरको आसपास, रामेछापको मन्थली र सुनकोसी नदी तथा वरिपरिको गाउँको वास्तविक यथार्थ छर्लङ्ग भएको महसुस हुन्छ । तराई र रामेछापका मानिसहरूको जीवन गुजार्ने शैली, परम्परा, रीतिरिवाज, चालचलन आदिको यथार्थ झलक उपन्यासमा पाइन्छ । खेताला, परम, अँधिया, चाडपर्व, तथा जीवनको उतार चढावलाई

उपन्यासमा समेटिएको छ । मन्थली वरपरको तथा सिन्धुलीको गाउँको हावापानी, चालचलन तथा सुख दुःखलाई उपन्यासले केन्द्रविन्दु बनाएको छ । यसरी **सकस** उपन्यासमा स्थानीय रङ्गको विशिष्ट प्रयोग भएको छ ।

शरदकुमार, जीबा तथा कुमारीको सोझोपन र परिश्रमी स्वभावलाई उपन्यासकारले सरल भाषामा उतारेका छन् । जीवन चेतनाका आधारमा वर्गीय प्रतिनिधि पात्र शान्तिको अबोधता शरदकुमारकी आमाको निरिहता तथा विवशताले उपन्यासलाई मूर्त बनाएको छ । पहाड तथा तराईका गाउँको सजीव चित्रण उपन्यासमा गरिएको छ । सोझा गाउँलेहरूको जीवनको इर्ष्या गर्ने तथा नभएको नगरेको काममा दुःख दिने राज्य र माओवादीतर्फका कमरेडका यथार्थलाई उपन्यासमा देखाइएको छ भने सफायाको नाममा दिइएको यातनाको कारुणिक चित्रण पनि उपन्यासमा मार्मिक बनेको छ ।

उपन्यासकार जगदीश घिमिरेले **सकस** उपन्यासमा जनकपुर र रामेछापको माटोसँग ज्यादै नजिक भएर त्यहाँको कथावस्तुलाई टपक्क टिपेका छन् । पात्रहरूको जीवनचर्या यथार्थको निकै नजिक पाइन्छ । वास्तवमै राज्य र सरकारको आँखा नपरेको मधेश तथा रामेछापका मानिसहरूको कठीन जीवनशैली, अपहरण, लुट तथा राज्य एवम् राज्यका तर्फका मानिसहरूद्वारा भोग्नु परेको अन्याय-अत्याचार, दुःख, भोकमरीका साथै चाडपर्व, रीतिरिवाज, धर्म सस्कृति, परम्परा, मेला, पर्म आदिलाई सफल रूपमा उपन्यासमा उतारेका छन् । रामेछापको जस्तै वरपरका गाउँका मानिसका चीत्कार, क्रन्दन व्यथा, झैझगडा, उछितो, सराप तथा पौठाजोरीलाई उपन्यासमा सहजै समेटिएको छ । उपन्यास पढ्दा मन्थली आसपास तथा सुनकोसी वरिपरिका गाउँको मानसिक बिम्ब तयार हुन्छ । प्रयुक्त पात्रको अनुहार झल्झल्ती आउँछ । त्यहाँका मानिसहरूको दिनचर्या जिउने शैली पद्धतिको चित्रण उपन्यासमा पाइन्छ । गाईवस्तु अर्मपर्म खेतीपाती आदि कृषिसँग सम्बन्धित पेसाहरू र त्यस पेसासँग सम्बन्धित मानिसहरूको यथार्थता उपन्यासमा पाइन्छ । सकस उपन्यासले तराई र मन्थलीका विभिन्न

स्थान विशेषको प्रतिनिधित्व गरेको छ र त्यहाँको स्थानीय रङ्गको विशिष्ट प्रयोग पनि गरेको पाइन्छ ।

## ४.३ लोकजीवन, लोक संस्कृति र दैनिक जीवनचर्याको चित्रण

समसामयिक यथार्थवादी उपन्यासकार जगदीश घिमिरेद्वारा लिखित **सकस** उपन्यासमा जनकपुरको तराई क्षेत्रका मानिसहरूको अवस्थाका साथै रामेछापका सुनकोसी र सिन्धुली नजिकको बस्ती आसपासका ग्रामीण भेगका मानिसहरूको लोकजीवन, लोकसस्कृति र दैनिक जीवनचर्याको चित्रण राम्ररी गरिएको छ । भौगोलिक रूपमा पहाडबाट झरेपछिको जनकपुरको तराई तथा सुनकोसी नदी किनार वरपरका स्थान उपन्यासमा रहेको कार्यपीठिकाको रूपमा परिचित छ । मन्थली तथा सुनकोसी नदी र यसको आसपासमा आदिवासीका रूपमा बस्दै आएका विभिन्न जातिको जीवनचर्यालाई उपन्यासमा उतारेका छन् । निम्नवर्गीय समुदायका मानिसहरूले दिनरात मिहेनत गर्दा पनि दुई छाक पेटभरि खान नपाएको, औषधीमुलो गर्न नसकेको तथा आफ्नो पेट पाल्नका लागि छापामार बन्नु परेको यथार्थता उपन्यासमा पाइन्छ । अझ समाजमा जातिगत रूपमा तल परेका दलितहरू आर्थिक अभावमा नराम्ररी पिल्सिएका छन् । कृषि पेसामा संलग्न तिनीहरूमा शिक्षाको उज्यालो ज्योति पुग्न सकेको छैन्, अन्धविश्वासका कारण पटक पटक ठगिन पुगेका कुरा उपन्यासमा देखाइएको छ । उनीहरू भगवान तथा ईश्वरमा विश्वास गर्छन् । आफूले जानेको काम गरेर खर्च जुटाउने काम गर्छन् । यसरी सीमान्तकृत जनजातिको कठिन जीवनयापनलाई उपन्यासकार जगदीश घिमिरेले सफल रूपमा देखाउन खोजेका छन् ।

उपन्यासकार घिमिरेले समुदायको लोक जीवनको मात्र चित्रण नगरी सम्बन्धित अञ्चल विशेषको लोक जीवनको चित्रण यथार्थ रूपमा गरेका छन् । ग्रामीण भेगका मानिसका सुख दुःख, हर्ष रोदन, उकाली ओराली, उन्नति अवनति, सफलता असफता आदिलाई उपन्यासमा स्थान दिएका छन् । उपन्यास पढ्दा काठमाडौं, जनकपुर तथा रामेछाप र त्यस आसपासका

ग्रामीण भेगको भ्रमण गरेको अनुभव हुन्छ । यसरी उपन्यासकारले ग्रामीण लोकजीवनको सफल प्रयोग उपन्यासमा गरेका छन् ।

यसै गरी उपन्यासले अङ्गिकार गरेको र सम्बन्धित अञ्चलको लोकसस्कृति पनि जीवन्त रूपमा उपन्यासमा समेटिएको छ । नेपालको भेगका मानिसले संरक्षण र जगेर्ना गरी राखेको पूर्वी लोकसस्कृतिलाई पनि उपन्यासले समेटेको छ । विभिन्न पर्व र मेलाको वर्णन उपन्यासमा गरिएको छ । रीतिरिवाज चाडपर्व भनेपछि हुरुक्कै हुने ग्रामीण भेगका मानिसका परिपाटिलाई उपन्यासकारले उपन्यासमा उतारेका छन् । यसै गरी तराई तथा पहाडका मानिसले मान्ने चाडको चर्चा गरिएको छ । दशैं तथा तिहार चाडपर्वलाई आफ्नो गच्छे र औकातअनुसार मनाएर ती पर्वको महत्त्वलाई स्थानीयबासीले मूर्त रूप दिएको छनक उपन्यासमा पाइन्छ ।

यसै उपन्यासले समेटेको सम्बन्धित अञ्चलका मानिसहरूको दैनिक जीवनचर्यालाई उपन्यासकारले यथार्थ ढङ्गबाट उतारेका छन् । विहान बेलुका विभिन्न कामका साथै खेतबारीमा पसिना बगाउँदा पनि सुखका दिन कहिल्यै देख्न नपाएका मानिसहरूका सुस्केरालाई उपन्यासमा देखाइएको छ । ती निम्न वर्गीय समुदायका कुरा सुन्दा पाठक धुरुधुरु रून पुग्छन् । वासुदेवको अवस्था, शरदकुमारको लाचारी, शान्तिको विवशता कुमारीको बलात्कारको घटना पढ्दा सबैमा सहानुभूति जाग्दछ । एकातिर दिनभरि काम गरेर छाक टार्न नसकेर गरिबीको जालबाट उम्कन आफूले जन्माएका छोराछोरीलाई त्याग्न परेको अथवा बचेर जीवन बिताउनु परेको समुदायको अवस्था कहाली लाग्दो छ भने अर्कोतिर न्याय माग्दा शारीरिक तथा मानसिक यातना खेप्नु परेको घटनाले मुटु निचोरिन्छ । यस्ता गरिब मानिसको रगत पसिना चुसेर मोजमस्ती गर्ने नेता, मन्त्रीजस्ता सामन्त वर्गको थिचोमिचो असभ्य र अन्यायपूर्ण देखिन्छ । टाठाबाठाको जालझेल तथा अन्यायले त्रसित जनता एकजुट हुन खोजे पनि केही गर्न नसकी विवश भएर पलायन हुनु परेको घटना उपन्यासमा वर्णित छ । मकै, धान, गहुँ तथा पशुपालन गरेर जीवन बिताउनु त्यहाँका मानिसको वाध्यता हो । एकातिर शिक्षितहरूको बेरोजगारी,

माओवादीको चन्दा, आतङ्क, अपहरण तथा लुटपाट अर्कोतिर अशिक्षितहरूको समस्यालाई उपन्यासले उठान गरेको छ । प्रकृतिको खडेरी तथा ललाटमा लेखिएको भनिने नियतिलाई सर्वस्व सम्झने मानिसहरू साँच्चै नै निरिह देखिन्छन् । जस्तोसुकै अन्याय र अत्याचार पनि सहनु उनीहरूको कमजोरी देखिन्छ । यसरी उपन्यासकारले तराईका तथा पहाडी गाउँका मानिसहरूको दैनिक जीवनचर्यालाई उपन्यासमा राम्ररी उतारेका छन् ।

समग्रमा जगदीश घिमिरेद्वारा लिखित एक उत्कृष्ट सामाजिक यथार्थवादी उपन्यास **सकस**मा सुनकोसी, मन्थली, दोलखा, चरिकोट, सिन्धुली आदि ग्रामीण भेगका यथार्थ लोकजीवन एवम् संस्कृतिको र बास्तविक दैनिक जीवनचर्याको चित्रण समेटिएको छ ।

## ४.४ स्थानीय भूगोल र प्रकृतिको चित्रण

नेपाली उपन्यास विधाका एक सशक्त व्यक्तित्व उपन्यासकार जगदीश घिमिरेको **सकस** उपन्यासमा स्थानीय भूगोल र प्रकृतिको चित्रण सफल रूपमा भएको पाइन्छ । यो उपन्यासको कार्यपीठिका पूर्वी नेपालको रामेछापमा पर्ने मन्थली तथा जनकपुरको तराई आसपास केन्द्रित रहेको छ । उपन्यासले समेटेको भूभागमा ग्रामीण क्षेत्र बढी छ भने आंशिक रूपमा मात्र सहरिया क्षेत्र रहेको छ । सुनकोसी नदीको सीमाना सिन्धुली, रामेछाप, मन्थली र काठमाडौंको विभिन्न स्थानहरूमा कथावस्तु फैलिएको छ । अज्ञात कालदेखि बसोबास गर्दै आएका निम्न वर्गको जन्मभूमि भएको स्थान, उनीहरूको परिश्रमले सिञ्चित त्यहाँको जमिन, सुनकोसी नदीको किनार, मन्थली, चरिकोट, सिन्धुली तथा त्यस आसपासका ग्रामीण भूगोललाई उपन्यासले समेटेको छ । विशेष गरी निम्न वर्गीय तथा दलित जातिले बसोबास गरेको तराई तथा पहाडी गाउँको वर्णन उपन्यासमा बढ्ता पाइन्छ ।

रामेछाप नेपालको पूर्वमा पर्ने पहाडको क्षेत्र हो । मन्थली तथा जनकपुर आसपासका तराईका ग्रामीण भेगको जनजीवनको प्रत्यक्ष चित्रण उपन्यासमा आएको छ । सुनकोसी नदी वरपरको सिन्धुली, चरिकोट बजार, रामेछाप नजिकैको मन्थली बजार क्षेत्रले पहाडको परिचय स्थापित गरेको छ । उपन्यासमा काठमाडौं सहरको चर्चा भएको छ । भौगोलिक रूपमा यसको

कथानक पहाड समथर फाँट, नदी खोल्सा खोल्सी, अनकन्टार जङ्गल, झाडी तथा सहर क्षेत्रसम्म फैलिएको देखिन्छ । उपन्यासले ओगटेको स्थानीय भूगोलतिर नजर लगाउँदा रामेछापको मन्थली, तराईको जनकपुर हुँदै काडमाडौं अनि भारतसम्म पुगेको देखिन्छ । उपन्यासको केन्द्रीय भूगोल हेर्दा सुनकोसी नदी रामेछापको मन्थलीको आसपासमा अवस्थित देखिन्छ । मन्थली नजिकैको गाउँको चित्रण पनि उपन्यासमा उल्लेख छ । सकस उपन्यासको भौगोलिक वर्णन नेपाली भूभागमा रहेको रामेछापको मन्थली र सिन्धुली वरपरको गाउँमा मात्र सीमित नरही काठमाडौं, जनकपुर र भारतको स्थानसम्म फैलिएको छ । नेपालको पूर्वी उत्तरी क्षेत्रबाट विभिन्न खोला तथा सहायक नदीहरू मिसिएर बग्ने सुनकोसी नदी तराई हुँदै भारतीय भूमिमा पुग्दछ । यही नदीको किनारमा रहेको एक अति समस्याग्रस्त भूमिका निम्न वर्गीय समुदायको भौगोलिक अवस्थालाई उपन्यासले समेटेको छ ।

यसै गरी **सकस** उपन्यासमा प्रकृति चित्रण पनि सफल रूपमा भएको छ । उपन्यासमा विपन्न समुदायका मानिसहरूले आफ्नो जीविकोपार्जन गर्ने थलो सुनकोसी नदी, मन्थली र सिन्धुलीको पहाड र त्यस आसपासको भूभाग, रुख, वनजङ्गल, पोखरीको सजीव चित्रण गरिएको छ । विशेष गरी सुनकोसी नदी वरिपरिको प्रकृतिको चित्रण नै उपन्यासमा स्पष्ट रूपमा गरिएको छ ।

समग्रमा जगदीश घिमिरेद्वारा लिखित **सकस** उपन्यासमा आञ्चलिक भूगोलको सजीव चित्रण सफल रूपमा गरिएको छ । उपन्यासकारले त्यहाँको माटो ढुङ्गा, खोला नाला, खोल्सी तलाउ, पोखरी, वृक्ष आदिलाई मानवीकरण गरेर जीवन्त पारेका छन् । यति मात्र नभइकन त्यहाँको प्रकृतिलाई पनि उपन्यासमा उतारेका छन् । रामेछापको मन्थली, जनपुरको जानकी मन्दिर, रुख, पोखरी, इनार तथा त्यहाँको झाडी र जङ्गलको प्रकृति चित्रणलाई उपन्यासकारले सकस उपन्यासमा विशेष चित्रण गरेका छन् ।

## ४.५ स्थानीय भाषा र रिपोर्ताज शैली

**सकस** उपन्यासमा उपन्यासकार जगदीश घिमिरेले परिष्कृत परिमार्जित, प्राञ्जल वा स्पष्ट, बोधगम्य र श्रुतिमाधुर्ययुक्त भाषाको प्रयोग गरेका छन् । यसमा काव्यात्मक वा विशिष्ट पदक्रमको प्रयोग भएको पाइन्छ तापनि पात्रगत स्तरलाई हेर्दै तिनको शिक्षा, दीक्षा, व्यवहार, योग्यता तथा आचार-विचारलाई मनन गरी तिनैले प्रयोग गर्ने स्तरको भाषाको प्रयोग गरेका छन् । घिमिरेले उपन्यासमा ग्रामीण कथ्य भाषाको अलि बढी नै प्रयोग गरेको देखिन्छ । त्यहाँको परिस्थिति प्रचलन, व्यवहार र सभ्यतालाई झल्काउने जीवन र स्थानीयताका विम्बहरू यसमा पाइन्छन् । त्यसैले स्थानीय रङ्ग, गाढा भई त्यहाँको प्रतिच्छवि बडो स्वाभाविकताका साथ व्यक्तिएको छ । जुन भाषामा कुनै कठिनाइ, अस्पष्टता र स्वाभाविकता पाइदैन । बरु यसमा प्रयुक्त पात्रहरूका बीचको पारस्परिक वार्तालाप, मनोद्वन्द्वको वर्णन र घटनाको प्रस्तुति स्थानीय भाषिकाका सरल शब्दको प्राचुर्य, नेपाली, ढुकढुकीलाई प्रतिबिम्बित गर्ने चलनचल्तीका उखान टुक्काको स्वाभाविक प्रयोगले उपन्यासमा अरु आकर्षण थपेको पाइन्छ ।

**सकस** उपन्यासमा उपन्यासकार घिमिरेले अनुकरणात्मक शब्द, झर्रा शब्द, आगन्तुक शब्द तथा उखान टुक्काको प्रशस्तै प्रयोग गरेका छन् । उपन्यासमा संस्कृत, हिन्दी, अङ्ग्रेजी अवधी, मैथिली तथा अन्य भाषाका कतिपय शब्दहरूसमेत प्रयोग हुन पुगेका छन् । उपन्यासमा स्थानीय कथ्य भाषाको प्रयोग प्रचुर मात्रामा गरेका छन् । उनले त्यहाँका मानिसका बोलीलवज अनुरूपको भाषा उपन्यासमा उतारेका छन् । उपन्यासमा तराईमा बोलिने भाषाका रूपमा आएका भैयाजी, बदतमीजी, मेरी जान, राखी, थोडा, फर्ज अगवा, माई आदिका साथै नेवारीमा प्रयोग भएका माइम्पाखा, खो, खैं, लका, मल्टा, मलि चटामरी, यांमरी आदि संस्कृतका कर्तव्य, परायण, परिश्रम, बहिष्कृत, गृहस्थी, जस्ता शब्दको प्रयोग भएको छ भने अन्य आगन्तुकका इनकम, लाइन, फेशन, प्रिन्सिपल, ड्युटी, परेड, सिनियर, कल्चर, होटेल, कलेज, स्टुडेन्ट, इन्फेक्सन, रिन्यू, इमर्जियन्सी, डाक्टर, ट्रक आदि ।

**सकस** उपन्यासमा उखान टुक्काको भरपुर प्रयोग भएको छ । उखान टुक्काको प्रयोगले उपन्यासको भाषिक शिल्पलाई एकातिर मनोहर बनाएको छ भने अर्कोतिर भाव सम्प्रेषण तीव्र, तीक्ष्ण र गम्भीर एवम् सारगर्भित बनाएको पाइन्छ । भाषिक शिल्पमा रोचकता, कुतूहलता र स्वभाविक आकर्षण थप्नमा यस्ता उखान टुक्काले भरपुर मलजलको काम गरेका छन् । यस उपन्यासमा ग्रामीण मात्र नभई संस्कृत शब्दको प्रयोग पनि पाइन्छ । आगन्तुकमा 'राखी ? अरे, छोड राखीका कुरा जस्ता शब्द र वाक्यमा मलाई प्रेमले जो बाध्छ्यौ बाँध । भैयाजी बदतमीजी नगर्नुस् डेउडीमा छापामारहरू थपिए । सबैले उसलाई सलाम गरे । नाकानाकामा भुराहरू भेटिन्थे मुठी बाँधेर बडो उत्साहपूर्वक सलाम गर्थे' आदिको प्रयोग भएको छ भने संस्कृतमा 'अव्याधिना शरीरेण मनसा च निराधिना -पूरयन्नर्थिनामाशाः त्वं जीव शरदां शतम्, ओं ह्राम् ह्रीम् ह्रेम ह्रेम् जीबाके आत्मा आ जा चामुण्डा हुम् फट्' जस्ता वाक्यको प्रयोगबाट उपन्यासमा मिठास र मधुरता थपिएको छ । ग्रामीण परिवेशका बर्को बोक्यो बसैं, कुखुरा काट्यो दशैं, साँचो बोले बात लाग्छ, झुटो बोले पाप लाग्छ, उखान टुक्काहरूको उचित प्रयोगले उपन्यासको भाषिक शिल्पलाई एकातिर मनोहर बनएको छ भने अर्कोतिर भाव सम्प्रेषणमा तीव्र, तीक्ष्ण र गम्भीर बनेको छ । कि गरी खानु कि मरी जानु, उखान टुक्काको प्रयोगले भाषिक मिठास थपेको छ । यस्तै वाक पद्धति, बिम्ब प्रतीक उपमा तथा अलङ्कारको प्रयोग पनि भएको छ ।

**सकस** आञ्चलिक उपन्यासको भाषाको अध्ययन गर्दा सामान्य स्तरको स्थानीय ग्रामीण कथ्य भाषाको प्रशस्तै प्रयोग भएको छ । पहाडी क्षेत्रमा बोलिने नेपाली तथा तराईको जनकपुर वरपर बोलिने मिश्रित भाषाका साथै स्थानीय रूपमा प्रयोग भएका भाषाको समेत धेरै नै प्रयोग गरिएको छ । यसरी उपन्यासकार घिमिरेले यस आञ्चलिक उपन्यासमा स्थानीय भाषा, लोकोक्ति, उखानटुक्का, लोकगीत, पात्रअनुसार संवाद योजनाको सफल प्रयोग गरेका छन् ।

आञ्चलिक उपन्यासको उपयुक्त शैली रिपोर्ताज शैली हो । रिपोर्ताज शैली भनेको पत्रकारिताबाट विकसित शैली हो । वर्णन शैलीलाई प्रभावकारी र साहित्यिक बनाएर वस्तुगत तथ्यलाई रेखाचित्रको शैलीमा प्रभावोत्पादक बनाइन्छ । वर्णनशैली साहित्यिक हुँदा यो साहित्य

बन्छ भने साहित्यिक नभई तथ्यको वर्णनमा मात्रै सीमित रहँदा समाचार बन्छ । रिपोर्ताज शैली वर्णनात्मक, रेखाचित्रात्मक, तथ्यपरक र सूक्ष्म पर्यवेक्षणात्मक हुन्छ । यसर्थ आञ्चलिक उपन्यासको शैली पनि रेखाचित्रात्मक, वर्णनात्मक, तथ्यपरक र सूक्ष्म पर्यवेक्षणात्मक हुन्छ । जेहोस् आञ्चलिक विशिष्टताहरू रञ्जित हुने शैली आञ्चलिक उपन्यासको शैली हो ।

उपन्यासकार घिमिरेले **सकस** आञ्चलिक उपन्यासमा परम्परागत शैली शिल्पलाई अङ्गिकार गरेको पाइन्छ, तापनि परम्परागत शिल्पप्रविधिको सामान्य वर्णनात्मक पद्धतिलाई मात्र नपछ्याएर कतिपय स्थानहरूमा विशेष किसिमको शैल्पिक प्रविधिलाई समेत उपयोग गर्नुले पुरानै शैलीभित्र नयाँपन, नूतन अनुभूति र अनुप अनुराग उत्पन्न गर्ने जमर्को भएको पाइन्छ । उपन्यासकार घिमिरेको यस उपन्यासमा सबैले बुझ्न सक्ने सरल, सरस, बोधगम्य र श्रुतिमधुर भाषाको प्रयोग पाइन्छ । हरेक कुराको वर्णनमा नवीनता र स्वभाविकता पाइन्छ । सकस आञ्चलिक उपन्यास सत्य तथ्य घटनामा केन्द्रित उपन्यास हो । उपन्यासकार घिमिरेले त्यहाँको सूक्ष्म विषयलाई उपन्यासमा मूर्त रूप दिएर सबैको सामु छर्लङ्ग पारेका छन् । मन्थली वरपरका गाउँका समुदायका मानिसहरूको जीवनचर्यालाई उपन्यासकारले साहित्यिक किसिममा उतारेका छन् । समग्रमा उपन्यासकार घिमिरेले **सकस** आञ्चलिक उपन्यासमा स्थानीय भाषाको प्रचुर प्रयोग गरिएको छ । भाषामा वर्णनात्मक रिपोर्ताज शैली देखिन्छ ।

## ४.६ आञ्चलिक कार्यपीठिका

आञ्चलिक उपन्यासको कार्यपीठिका ग्रामीण अञ्चल मात्र हो वा सहरी अञ्चल पनि हो भन्ने बारेमा स्पष्टता पाइँदैन् । सहरी जीवनभन्दा परको खास गरेर ग्रामीण मानिसका रहनसहन तथा त्यहाँका समग्र जीवनवृत्तको अभिव्यक्तिसित आञ्चलिकता गाँसिएको छ भन्ने ऋषिराज बरालको कथनले आञ्चलिक उपन्यासको कार्यपीठिका ग्रामीण अञ्चल हो भन्ने देखिन्छ । नेपाली साहित्य कोशमा नागरीय जीवनको नारकीय भाव बोधबाट बोर भएर धरतीको आञ्चलिक परिवेशमा आफ्नो भावधारालाई अभिव्यक्ति गर्नमा ... भनिएबाट पनि आञ्चलिक उपन्यासको अञ्चल ग्रामीण अञ्चल हो भन्ने कुराको पुष्टि हुन्छ । आञ्चलिक उपन्यासको फलक मुख्यत : ग्राम

अञ्चलमा केन्द्रित रहन्छ भन्ने प्रेमकुमारको कथनले पनि आञ्चलिक उपन्यासको मूलतः ग्रामीण अञ्चलमा केन्द्रित रहने देखिन्छ (न्यौपाने, २०७०:६) ।

यसरी हेर्दा आञ्चलिक उपन्यासको मुख्य क्षेत्र ग्रामीण अञ्चल हो तर सहरी अञ्चललाई पनि आञ्चलिकताले पूर्णतः नकार्छ भन्ने चाहिँ देखिँदैन । आञ्चलिकता सम्बन्धी आन्दोलनको सुरुवात ग्रामीण परिवेशलाई मूल आधार मानिएको हुनाले पनि आञ्चलिक उपन्यास भन्नासाथ ग्रामीण अञ्चलसँग सम्बन्धित उपन्यासका रूपमा बुझिने गरेको पाइन्छ । अहिलेसम्म पनि ग्रामीण अञ्चलमा प्रगति पुग्न सकेको छैन, स्वार्थ लिप्सा छदैंछ, अन्धविश्वास उस्तै छ, पुराना रूप र परिवेश पनि छन्, तसर्थ आञ्चलिकता ग्रामीण अञ्चलमा बढी सफल हुने गरेको पाइन्छ । निष्कर्षमा भन्नु पर्दा आञ्चलिक उपन्यासले सिद्धान्ततः ग्रामीण वा सहरी जुनसुकै अञ्चललाई कथ्य विषय बनाउन सक्छ । व्यवहारतः आजसम्मको इतिहासमा ग्रामीण अञ्चललाई मुख्यः रूपमा अँगालिएको पाइन्छ भन्ने भावी सम्भावना पनि ग्रामीणमुखी नै छ ।

**सकस** उपन्यासका घटनाहरू घटेका स्थान नेपालको सुनकोसीको वरवपर मन्थलीको विभिन्न गाउँदेखि लिएर तराईको जनकपुर, काठमाडौं, भारत आदि रहेका छन् । त्यहाँको भौगोलिक अवस्था, पहाडका विभिन्न वनस्पति आदिले सजिएको पहाडी इलाकाको वर्णन उपन्यासमा जताततै उल्लेख गरिएको छ । म पात्र, शरदकुमार, जीबाले भोगेको घटना, जुन २०१५ सालदेखि २०४७ साल हुँदै ६३ सालसम्म घटित भएकाले लगभग ४५-५० वर्षभित्रका घटनाहरू प्रस्तुत उपन्यासमा घटित भएका छन् । शरदकुमारले भोग्नु परेको यातना, जीबाको समयको घटना माओवादी द्वन्द्व, तराईको अपहरण मधेश आन्दोलन तथा जनआन्दोलनका घटनाहरू यस उपन्यासमा वर्णित छन् । उपन्यासका घटनाहरू दु:खपूर्ण र कहालीलाग्दा छन् । पहाडको स्थान भएकाले जे जस्तो परिस्थितिमा पनि काम गर्नु परेको छ । द्वन्द्वको कारणले तराई तथा पहाडका मानिसहरूको जीवन कष्टमय बनेको छ । पहाडी भेगका खोला, डाँडाकाँडा, त्यस स्थानमा हुने राजनीतिक गतिविधि तथा पहाडमा भएको सभा र लडाई आदिको उल्लेख उपन्यासमा गरिएको छ ।

उपन्यासमा घटनाहरू प्रारम्भदेखि नै कारुणिक अवस्थामा देखा पर्दछन् । शान्ति र कुमारीले अपहरण र बलात्कारले गर्दा नै आफ्नो वासस्थान छोड्न बाध्य बनाइएको अवस्थालाई उपन्यासमा अति दुःखदायी पाराले वर्णन गरिएको छ । पहाडिया र मधेसीका जातीय तथा राजनीतिक घटनाहरूले तीव्र रोष प्रकट हुन्छ । उक्त उपन्यासमा वर्णित परिस्थिति अत्यन्त कठिन रहेको छ । रातदिन काम गर्नु पर्ने, पेटभर खान नपाइने अवस्था उपन्यासमा देखिन्छ । उपन्यासको कथानक सङ्घर्ष ह्रास हुँदै जाँदा घटना अझै दुःखद् वातावरणमा पुगेको छ । अन्त्यमा शरदकुमारको पलायन तथा कुमारीको वियोग जस्तो दुःखद् परिस्थितिमा गएर उपन्यास समाप्त हुन्छ ।

यसरी प्रारम्भदेखि नै दुःखको वातावरणमा घटनाहरू घट्दै अन्त्य अवस्थामा पनि दुःखद् वातावरणमा पुगेर उपन्यास समाप्त भएकाले उपन्यासको वातावरण अत्यन्त दुःखपूर्ण रहेको छ । यसरी यस उपन्यासले गाउँले अशिक्षित वातावरण र जीवन पद्धतिलाई आफ्नो कार्यपीठिका बनाएको छ ।

## ४.७ आञ्चलिक जीवनचर्या र समाज

आञ्चलिक उपन्यासले कथ्य अञ्चलको लोकजीवन, लोक संस्कृति र दैनिक जीवनचर्याको चित्रण गर्नु पर्दछ । लोकगीत, उखानटुक्का, परम्परागत संस्कार रूढिवादी सस्कृति र दैनिक जीवनचर्याको चित्रण आञ्चलिक उपन्यासमा सर्वथा आवश्यक हुन्छ । लोकजीवन, लोकसंस्कृति र दैनिक जीवनचर्याको चित्रणबाट नै त्यस अञ्चललाई अन्य अञ्चलबाट पृथक गराएर हेर्न र बुझ्न सकिन्छ र आञ्चलिक विशिष्टता प्रस्टिन सक्छ । यसर्थ आञ्चलिक उपन्यासले लोक जीवन र लोक संस्कृतिको चित्रणमा विशेष रूचि राख्दछ (सुवेदी, २०५६ : १४) । उपन्यासले मधेशी समुदायको मात्र नभई समग्र ग्रामीण भेगका मानिसहरूको जीवनचर्या देखाएको छ ।

**सकस** उपन्यासको कार्यपीठिका तराई तथा पहाडको ग्रामीण भेग हो भने आञ्चलिक जीवनपद्धति वा जीवनचर्या पनि ग्रामीण समाजका मानिसका उकाली-ओराली, लेक-बेंसी, मेला-

पर्म, सुख-दुःख, आँसु-हाँसो आदिको चित्रण वर्णन यस उपन्यासमा पाइन्छ । उपन्यासले मधेशी समुदायको मात्र नभई समग्र ग्रामीण भेगका मानिसहरूको जीवनचर्या देखाएको छ । गाईवस्तु पाल्ने, मेला पर्म जाने, जात्रा जाने तथा घुम्ने, खेतीपाती गर्ने, फुर्सदको समयमा गाउँ टोलको चिया पसलमा बसेर भलाकुसारी गर्ने जस्ता परम्परा र प्रवृत्ति जनकपुर तथा मन्थली वरपरका समुदायको देखिन्छ । यसरी नेपालको पूर्वी पहाडमा पर्ने ती क्षेत्रका आसपासका मानिसहरूको दैनिक जीवनचर्यालाई उपन्यासमा देखाइएको छ ।

उपन्यासकार घिमिरेले तराईको जनकपुर समथर भूभागको बस्तीदेखि रामेछापको मन्थली काठमाडौंको गौशाला, रत्नपार्क, न्यूरोड र क्षेत्रपाटी वरपरका गाउँ तथा सहरउन्मुख गाउँसम्मका तराईको बस्तीका मानिसहरूको जीवन गुजारा गर्ने पद्धति, परम्परा, सस्कार चालचलन आदि कुरालाई छर्लङ्ग पारेका छन् । यसै गरी उपन्यासकारले उपन्यासमा लोकगीत, उखान-टुक्का, परम्परागत सस्कार, विभिन्न भाषाका बोलीचालीका शब्द आदिलाई समेत सफल रूपमा प्रयोग गरेका छन् । खेतीपातीलाई आफ्नो मुख्य पेसा अपनाएर माटोमा नै आफ्नो सपना देख्ने निस्वार्थ परिश्रमी कृषकहरूको त्याग र श्रमलाई उपन्यासकारले उच्च महत्त्व र स्थान दिएका छन् । पशुपालन गरी आयस्रोत बढाउने अनि दुःख सुखमा एकले अर्कोलाई साथ दिने चोखो र पवित्र सस्कारको पद्धतिलाई उपन्यासकारले उपन्यासमा वर्णन गरेका छन् ।

आञ्चलिक उपन्यासमा अञ्चल विशेषको विशिष्टिता देखाइने भएको हुँदा कथ्य अञ्चलको समाजशास्त्रीय चित्रण हुनु आवश्यक हुन्छ । सामाजिक व्यवस्था, आर्थिक स्थिति, जातजाति, वर्ग व्यवसाय, रहनसहन आदिको समाजशास्त्रीय ढङ्गमा चित्रण हुनु आञ्चलिक उपन्यासका लागि आवश्यक हुन आउँछ । आञ्चलिक समस्याको समाजशास्त्रीय चित्रण आवश्यक हुन्छ ।

जगदीश घिमिरेको **सकस** उपन्यासमा ग्रामीण समाजको सूक्ष्म अध्ययन गरिएको छ । समाजको यथार्थ चित्रण समाजको दर्पण उपन्यासमा पाइन्छ । ग्रामीण क्षेत्रका नेपालीहरूको अवस्थाको चित्रण गर्दै निम्न वर्गीय मानिसहरूले भोग्नु परेका अवस्थाको सफल वर्णन यसमा छ

। प्रस्तुत उपन्यासमा नेता तथा समाजका अगुवा भन्नेहरूबाट निम्न वर्गीय माझीहरूमाथि गरिएको शोषणको वर्णन छ । यसका साथै ग्रामीण वस्तीका मानिसहरूको सामाजिक, साँस्कृतिक व्यवस्था, जीविकोपार्जन गर्ने ढाँचा र शैली, जातजातिगत मतभेद, उकाली ओरालीका कथाव्यथा आदि कुराहरूलाई रोमाञ्चक र सरस तरिकाबाट उपन्यासकारले यसमा उतारेका छन् ।

निष्कर्षमा भन्नु पर्दा घिमिरेद्वारा लिखित **सकस** उपन्यासमा आञ्चलिक जीवनचर्या र सामाजिक अवस्थाको चित्रण सफल रूपमा भएको देखिन्छ । उपन्यास सार्थक र सफल बनेको छ । उपन्यासले ग्रामीण जीवनका मानिसको सुखदुःखलाई समेटेको छ ।

प्रस्तुत उपन्यासले नेपाली मध्य पहाडी क्षेत्र काठमाडौं तथा तराई मधेशमा घटेका घटना त्यसबाट निम्न मध्यम वर्गीय जनतामा परेको प्रभाव तथा शारीरिक र मानसिक उत्पीडनलाई उजागर गरेको छ । वास्तवमा कुनै वर्ग, जात, लिङ्ग तथा रङ्गका आधारमा समाजका प्रभुत्वशाली वर्गले (शासक) गरेका निन्दनीय ज्यादतीपूर्ण ब्यवहारद्वारा सिर्जित अवस्थालाई उपन्यासले सकसका रूपमा प्रस्तुत गरेको छ । उपन्यासले कार्यपीठिकाका रूपमा चयन गरेका पहाड, मधेश र सहरका वर्गीय चरित्र र तिनीहरूले प्रयोग गर्ने भाषा, धर्म, दैनिक व्यवहार तथा चालचलन, संस्कृति आदिको प्रस्तुत गरिएको छ ।

मूल अर्थमा सामाजिकता भन्नाले उपन्यासको पात्र वा चरित्र उभिएको धरातल नै हो । त्यो समाजको वरपरको वातावरण, रहनसहन, जातपात, धर्म संस्कृति तथा वर्गको समग्र रूप नै सामाजिकता हो । सकस उपन्यासमा उत्पीडन र दमनका पृष्ठभूमिमा महिला भएको कारण भोग्नु परेको लैङ्गिक समस्यालाई उठान गरिएको छ । पहाडिया भएको कारण अपहरणमा पर्नु परेको छ । समाजले गरेको फरक व्यवहारले भोग्नु परेको मानसिक पीडालाई समेटिएको छ । मानव धर्मलाई कुल्चेर मानवमाथि गरिएको अन्याय अत्याचारको पीडालाई उपन्यासले सकसका रुपमा वर्णन गरेको छ ।

**सकस** (२०६९) उपन्यास सानै उमेरमा आफ्नै बाबुबाट बलात्कृत भएकी कुमारीको कथाबाट प्रारम्भ भएको छ । उपन्यासले पहिलो उठानमा नारी भएको कारण समाजले गर्ने पृथक व्यवहार र नारीको असुरक्षित जीवनलाई प्रष्ट्याउन खोजेको छ । सानै उमेरमा आफ्ने बाबुबाट बलात्कृत भएर आश्रमस्थल आइपुगेकी कुमारीले भोग्नु परेका विविध समस्यालाई प्रस्तुत गर्दै उपन्यासले नेपाली समाजको विभिन्न पक्षको चित्रण गरेको छ । प्रजातन्त्रको अगाडिको र पछाडिको समयको तुलना गर्दै समाजमा भए गरेका विभिन्न आर्थिक, सामाजिक, राजनीतिक परिवर्तनका बारेमा उपन्यासले चर्चा गरेको छ । नीति, नियम केवल कागजमा मात्र सीमित रहेको यथार्थलाई दर्साउँदै प्रजातन्त्रका लागि गरिएको आन्दोलन आन्दोलनकारीका पीडादायी अवस्थाको चित्रण गर्दै परिवर्तनको अनुभूति गर्न नपाएका जन-साधारणको उपन्यासले वर्णन गरेको छ । पहाडमा मधिसेलाई गरिने हेपाहा ब्यवहारका साथै तराईमा पहाडियालाई गरिएका अभद्र तथा अमर्यादित ब्यवहार, अपहरण जस्ता कुकृत्यलाई उपन्यासले उजागर गरेको छ । कुमारीले भोग्नु परेका पीडा कथानकको विकाससँगै शान्तिले भोग्नु परेको छ । आफन्त भएर पनि अनाथ बन्नु परेको शरदले जीवनका सङ्घर्षपूर्ण दिनहरूमा भोगेको सकसलाई उपन्यासमा प्रस्तुत गरिएको छ । निम्न वर्गीय पात्र तथा चरित्रले भोग्नु परेको जीवनचर्यालाई प्रस्तुत गर्दै नेपाली ग्रामीण परिवेशको अवस्थालाई उपन्यासले समग्र नेपालको प्रतिनिधिका रूपमा उभ्याइएको छ । भूगोलको क्षेत्रलाई हेर्ने हो भने मध्य पहाडको रामेछाप मन्थली तथा काठमाडौंको पूर्वका भूभाग उपन्यासमा वर्णित छ । वर्गका रूपमा अति निम्न मध्यम वर्गका मानिसले बाँच्ने क्रममा गरेका कार्यहरू आएका छन् । ट्रक ड्राइभर, नर्स, स्वास्थ्य कार्यकर्ता, पाले तथा पत्रकारका रूपमा प्रयुक्त पात्रहरूले परिस्थितिवश गर्नु परेका कार्य, भोग्नु परेको पीडा तथा सकसलाई उपन्यासमा वर्णन गरिएको छ ।

मानिसले आफ्नो आस्था र पुर्खाको चालचलन, रीतिस्थिति र संस्कार अनुरूप विभिन्न धर्म तथा संस्कृतिको अवलम्वन गर्दछ । त्यस्तै प्रस्तुत सकस उपन्यासमा मूर्ति पूजा आराधना तथा ईश्वरीय आस्थालाई केन्द्रमा राखेर दुःख परेको बेला देवताको पुकारा गरिएको छ । शरदको अपहरण भएको बेला कुमारीले मिथिलाकी देवी जानकीलाई सम्भिmएकी छ । चालचलन र

संस्कृतिका बारेमा अध्ययन गर्दा भिन्न भिन्न पृष्ठभूमिका मानिसले गरेका फरक कुराहरू उपन्यासमा वर्णित छन् । मधेशमा दाइजोका कारण महिलामाथि गरिएको ज्याजती, पैसाका निम्ति मानव अपहरण, सहयोग गरेवापत गर्न खोजिएको सहबास तथा बालिका बलात्कारको घटना उपन्यासमा घटेका छन् भने तराईमा प्रचलित भाषाका बारेमा उल्लेख गरिएको छ । पहाडिया भएकै कारण मधेशीले हेर्ने दृष्टिकोणलाई कुमारी र लालको संवाद र ब्यवहारबाट प्रष्ट्याउन खोजिएको छ । वास्तवमा रङ्ग, जात, लिङ्ग, वर्ण भिन्न हुँदैमा मानव भिन्न हुँदैन, तर उसले सोच्ने तरिका र गर्ने ब्यवहारबाट भिन्न हुन्छ भन्दै गलत मान्छेको सहयोगको उद्देश्यलाई समेत ब्यक्त गरिएको छ । नारीलाई समाजले हेर्ने दृष्टिकोणमा कुनै परिवर्तन भएको छैन भन्दै नारीलाई वस्तु समान बेचिएको प्रसङ्गले उपन्यासमा नेपाली ग्रामीण समाजको वस्तुस्थितिलाई चित्रण गरेको छ । आफन्तले नै ललाइफकाइ आफ्नै चेलीलाई बेच्दा पनि मानव बेचविखनका प्रश्नमा सरकारको निरिहपनलाई उपन्यासले उठान गरेको छ ।

विशेष गरी नेपाली ग्रामीण तथा सहरी समाजमा नारीले भोग्नु परेको समस्याग्रस्त जीवनलाई शरदकी आमा कुमारी तथा शान्तिको माध्यमबाट उपन्यासमा प्रस्तुत गरिएको छ । नेपाली समाजले नारीलाई गर्ने उपेक्षा तिरस्कार तथा बेचविखनका कुरालाई देवीजीको भनाइ तथा उसले संचालन गरेको पुनस्थापना केन्द्रबाट देखाउन खोजिएको छ । सामाजिक विसङ्गति र विकृतिका विभिन्न पक्षलाई केलाउने क्रममा रेखाले बिताउनु परेको फुटपाथको जीवनको घटना शरद आन्दोलनका क्रममा रत्नपार्कको फुटपाथमा रात बिताउने क्रममा भएको छ जसले नेपाली समाजका बालबालिकाको दयनीय अवस्थाको चित्रण गर्दै बालमजदुरको शोषण र उनीहरूले खेप्नु परेको ज्यादती, यौन दुर्ब्यवहार र बाँच्नका लागि गरेका निच कर्मलाई इङ्गित गरेको छ ।

समग्रमा हेर्ने हो भने सकस उपन्यासले उठान गरेको समस्या नै नेपाली समाजको यथार्थ समस्या हो । नेपाली ग्रामीण समाजको समाजपरक अध्ययन र वर्णन यसमा छ । त्यही समाजमा हुर्केका बालबालिकाहरूमा नैतिकता र इमान्दारिता क्रमशः ह्रास हुँदै गएकाले उनीहरू

गलत बाटोतर्फ उन्मुख भइरहेको यथार्थलाई प्रष्ट्याउँदै सभ्य नागरिक समाज निर्माणका लागि सचेत वर्गलाई आग्रह समेत गरिएको छ ।

उपन्यासले कथानकको आधारभूमिका रूपमा टेकेको पर्यावरणलाई हेर्ने हो भने उपन्यासमा वर्गीय चिन्तन स्पष्ट देखिन्छ । निम्न वर्गीय मजदुरले जीवन यापनका क्रममा सामन्तवादबाट भोग्नु परेको थिचोमिचो, अन्याय, अत्याचारलाई देखाइएको छ । शरदको पत्रकारिताको क्रममा देखिएका आरोह अवरोह तथा कुमारीसँग बिहे गरिसकेपछि भोग्नु परेको वर्गभेद, मधेशमा पहाडियामाथि भएको अन्याय र दमन तथा अपहरण, फिरौती जस्ता सामाजिक समस्या देखाइएको छ । यसले गर्दा शरदमा परेको मानसिक असर र पलायन, सहयोगका नाममा कुमारीसँग राख्न खोजिएको शारीरिक सम्बन्ध, शरदकी आमाको परपुरुषसँगको हिमचिम, झगडा र आत्महत्याका घटनालाई हेर्ने हो भने उपन्यासले समाजभित्रको वर्गीय असमानता तथा वर्गीय द्वन्द्वलाई झल्काएको छ । उपन्यासको कथानकमा लाल पात्रले कुमारीको शरीरप्रति राखेको लोभले संस्कारजन्य कुरालाई इङ्गित गरेको छ । बहिनीको नाता लगाएर नजिकिएको शरदलाई अपहरण गरेर सहयोगी बनाई कुमारीसँग सहबास गर्न खोजेको तथा अवोध बालिका शान्तिलाई बलात्कार गरेको घटनाले मान्छेको कलुषित विचार र चहानालाई देखाएको छ । तराई, मधेशमा दाइजोका कारण दिनानुदिन आगो लगाएका घटना जस्ता त्यहाँ बढ्दै गएका अमानवीय पक्षको चित्रण गरिएको छ । व्यक्ति र समाजको चालचलन, रीतिरिवाज त्यहीँको समाजले निर्धारण गर्छ भन्दै भिन्न भूगोलका भिन्न अवस्थालाई उपन्यासमा वर्णन गरिएको छ ।

## ४.८ निष्कर्ष

नेपाली साहित्याकासका उज्ज्वल नक्षत्र जगदीश घिमिरेद्वारा लिखित **लिलाम** (२०२७) **साबिती** (२०३२) र **सकस** (२०६९) उपन्यास आञ्चलिक पृष्ठभूमिमार्फत् सार्वभौम पक्षको खोजी गर्ने उपन्यासहरू हुन् । घिमिरेका उपन्यासले पूर्ण रुपमा आञ्चलिकतालाई अङ्गिकार गर्न नसके तापनि सीमित आञ्चलिक पृष्ठभूमि र स्थानीय रङ्गको प्रयोग भएको उपन्यासका रुपमा भने देखा परेको छ । निश्चित भौगोलिक पर्यावरण र त्यस पर्यावरणभित्रको जीवनको विशिष्ट चित्रण

भएको, स्थानीय समाजको समाजशास्त्रीय चित्रण भएको, प्रारुपीय पात्रको अभाव र सामूहिक चित्रण भएको, लोक जीवन, संस्कृतिको चित्रण भएको, भाषिक प्रयोगमा आञ्चलिकता झल्किएको र आञ्चलिकता नै उद्देश्य भएका कारणले घिमिरेका उपन्यासका रुपमा देखा परेका छन् ।

घिमिरेका उपन्यासहरूमा एकै किसिमको केन्द्रीय चरित्र भने छैन । उनीहरूको क्रियाकलाप रिस, राग तथा विद्रोहले आञ्चलिक विशिष्टताले जन्माएको बाध्यता हो । पात्रका माध्यमबाट त्यस अञ्चलको आर्थिक व्यवस्था, सामाजिक शोषण आदि विशिष्टता प्रस्टिएका छन् । निष्कर्षमा के भन्न सकिन्छ भने घिमिरेका उपन्यासले आञ्चलिकताभित्रका जात, धर्म, वर्ण, लिङ्ग संस्कृति, चालचलन, क्षेत्र तथा अवस्थालाई अध्ययन गर्दै समग्र समाजमा रहेका विविध समस्यालाई प्रस्तुत गरेको छ । विभिन्न पात्रका माध्यमबाट विभिन्न भूगोलमा मानवले भोग्नु परेको नियतिलाई उठान गर्दै निम्न वगीय जनता तथा मजदुरले भोग्नु परेको समस्या, वर्गीय द्वन्द्व **सकस** उपन्यासले नेपाली समाजमा देखिएका यथार्थ समाजको प्रतिबिम्ब उतारेको छ ।

परिच्छेद : पाँच

# सारांश तथा निष्कर्ष

## ५.१ विषय प्रवेश

प्रस्तुत शोधकार्यको मूल उद्देश्य जगदीश घिमिरेका उपन्यासमा आञ्चलिकताको अध्ययन गर्नु हो । आञ्चलिकताको अध्ययन गर्ने सन्दर्भमा समग्र अध्ययन गरिसकेपछि त्यसको सारांश र निष्कर्ष निकाल्नु जरुरी हुन्छ । त्यसैले यस परिच्छेदमा सम्पूर्ण शोधको परिच्छेदगत सारांश र समग्र निष्कर्ष निकालिएको छ ।

## ५.२ सारांश

जम्मा पाँच परिच्छेदमा सङ्गठित गरिएको प्रस्तुत शोधपत्रको परिच्छेद एकमा शोधपत्रको परिचय रहेको छ । शोधको समस्या, उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधविधि तथा शोधको औचित्य जस्ता शोधका अङ्गको व्याख्या यस परिच्छेदमा गरिएको छ ।

परिच्छेद दुईमा आञ्चलिकतासम्बन्धी सैद्धान्तिक प्रस्थापनाको अध्ययन गएिको छ । यस क्रममा प्रथमतः विधागत स्वरूपको सङ्क्षिप्त चर्चा गर्दै तत्वहरूको अध्ययन गरिएको छ । आख्यानात्मक गद्य शैलीमा लेखिने यस विधामा वर्तमान जीवनका विविध पक्षको चित्रण हुन्छ । घटना, पात्र, परिवेश आदिको कलापूर्ण अन्वयमा उपन्यासको स्वरूप तयार हुन्छ भन्ने निष्कर्ष यस परिच्छेदमा निकालिएको छ । आफ्नो निश्चित शैली संरचना र सीमामा रहेर जीवनजगत्को एक पक्षको सटिक चित्रणतर्फ लक्षित हुनु उपन्यासको प्रकृति हो भन्ने पनि अध्ययनबाट स्पष्ट भएको छ ।

परिच्छेद तीनमा उपन्यासकार जगदीश घिमिरेको सङ्क्षिप्त जीवनी, साहित्यिक यात्रा विविध पक्ष तथा प्रवृत्तिहरूको सङ्क्षिप्त अध्ययन गरिएको छ । यस क्रममा उपन्यासकार जगदीश घिमिरेको जीवनीका प्रमुख पक्षहरूको सङ्क्षिप्त चर्चा गर्दै साहित्यिक जीवनीमा प्रवेश,

साहित्यिक यात्रा र प्रवृत्तिका सम्बन्धमा अध्ययन गरिएको छ । मनोवैज्ञानिक यथार्थको प्रक्षेपण, नारी मानसिकताको चित्रण, मनोविज्ञानको चित्रण, मानसिक द्वन्द्वको उपस्थापन र विकास, व्यक्तिको स्वतन्त्र पक्षको चित्रण, नरनारीका यौनमनोविज्ञानको प्रस्तुति र समाजका विविध पक्षको चित्रण उनका मुख्य औपन्यासिक प्रवृत्तिहरू रहेको निष्कर्ष पनि यस परिच्छेदको अध्ययनबाट प्राप्त भएको छ ।

प्रस्तुत शोधको परिच्छेद चारमा उपन्यासकार जगदीश घिमिरेको **सकस** उपन्यासभित्र पाइने आञ्चलिकताको बारेमा खोजतलास गरिएको छ । उपन्यास तथा कथा विशेषको चित्रणमा रूचि राख्ने घिमिरे सामाजिक परिवेश अनुरूपको घटनाक्रमलाई जीवन्तता दिन सफल छन् । उपन्यासकार जगदीश घिमिरेको उपन्यासभित्र सुरुका घटना मनोविश्लेषण प्रधान भएकाले तिनमा आन्तरिक परिवेश बढी चित्रित देखिन्छ भने बाह्य परिवेश निर्माणमा ध्यान दिन सकिरहेका देखिँदैनन् तर पछिका घटनामा बाह्य तथा आन्तरिक दुवै परिवेश निर्माण गरेर पात्रलाई विश्वसनीय र कलात्मक बनाउन उनी सफल भएका छन् । उपन्यासभित्रका केही घटना सहरी परिवेश, केही ग्रामीण परिवेश र केही तराई भूमिका परिवेशसँग सबन्धित छन् । उनका सहरी परिवेशमा काठमाडौं, जनकपुर, विराटनगर, तथा ग्रामीण परिवेशको रामेछापको मन्थली तराई क्षेत्रका स्थान विशेषका संस्कृति तथा सामाजिक पक्षको चित्रण रहेको छ ।

## ५.३ निष्कर्ष

यस शोधपत्रको अध्ययनबाट प्राप्त तथ्यहरूको सारांशीकरण भइसकेको छ । शोधसमस्यासँग सम्बन्धित शोध्य प्रश्नहरूका उत्तरका सन्दर्भमा उक्त सारांशको निष्कर्षलाई निम्नानुसार बुँदागत रूपमा प्रस्तुत गर्न सकिन्छ :

जगदीश घिमिरेको उपन्यास प्रगतिवादी चिन्तनबाट नेपाली साहित्यमा प्रभावित भएर देखा पर्दछ । उनका उपन्यासमा नयाँ औपन्यासिक शिल्प, विचार, संरचना, कथानक, कल्पना आदिलाई प्राथमिकता दिदै प्राचीनभन्दा पृथक् संरचनाका विशेषतामा उपन्यास लिएर नेपाली साहित्यको उपन्यास विधामा प्रवेश गरेका घिमिरेका प्रारम्भिक उपन्यासहरूमा दुरूहता र

क्लिष्टता पाइन्छ । वि.सं. २०४० को दशकमा लेखिएका उनका उपन्यास मानवीय जीवनमा अस्तित्वको प्रश्न, त्यसबाट उत्पन्न समस्या, प्रेमजन्य विकृति र विवाहित र अविवाहित नारी मनस्थिति, आर्थिक अभावबाट उत्पन्न समस्या, बेरोजगारी र त्यसबाट सिर्जित अन्य सामाजिक समस्या, रहस्यात्मकता सहरिया दुष्प्रवृति, यौनजन्य समस्या आदि अनेक विषयवस्तुको मार्मिक अभिव्यञ्जना गरिएको छ ।

जगदीश घिमिरे आञ्चलिक उपन्यासकार हुन् । उनले उपन्यासको घटना तथा स्थान विशेषको चित्रणमा रुचि राखेका छन् । घिमिरे सामाजिक परिवेश अनुरूपको घटनाक्रमलाई जीवन्तता दिन सफल छन् । उनका उपन्यासभित्र केही घटना मनोविश्लेषण प्रधान भएकाले तिनमा आन्तरिक परिवेश बढी देखिन्छ भने बाह्य परिवेश निमार्णमा सचेत हुन सकिरहेका देखिँदैनन् तर पछिका घटनामा शिल्पसँगै बाह्य तथा आन्तरिक दुवै परिवेश निर्माण गरेर पात्रलाई विश्वसनीय र कलात्मक बनाउन उनी सफल भएका छन् । उपन्यासभित्रका केही घटना सहरी परिवेश, केही ग्रामीण परिवेश र केही विदेशी भूमिका परिवेशसँग सबन्धित छन् । उनका सहरी परिवेशमा भारतको विभिन्न सहर तथा ग्रामीण परिवेशको तराई क्षेत्रका स्थान विशेषका संस्कृति तथा सामाजिक पक्षको चित्रणमा रहेका छन् । घिमिरेका उपन्यासका घटनामा नेपालको पहाडी क्षेत्र, तराई क्षेत्रको व्यापक र परिवेशको चित्रण गरिएको छ उपन्यासमा राजनीतिक परिवेश र त्यसले पारेको प्रभावको चित्रण पाइन्छ । राजनीतिक परिवेशको चित्रणमा निम्नवर्गको चित्रण भएको छ । उनको बाह्य र आन्तरिक परिवेशको प्रस्तुतिबाट घटनाका कुनैमा कारुणिक, कुनैमा विद्रूपात्मक, कुनैमा व्यङ्ग्यात्मक र कुनैमा प्रतीकात्मक हुन पुगेको देखिन्छ । यसरी उपन्यासमा कुनै स्थान विशेषमा केन्द्रित भई घटनालाई केन्द्रमा राखेर परिवेशको व्यापक र जीवन्त चित्रण गर्नु उनको विशेषता हो ।

निष्कर्षमा के भन्न सकिन्छ भने उपन्यासले आञ्चलिकताभित्रका जात, धर्म, वर्ण, लिङ्ग संस्कृति, चालचलन, क्षेत्र तथा अवस्थालाई अध्ययन गर्दै समग्र समाजमा रहेका विविध समस्यालाई प्रस्तुत गरेको छ । विभिन्न पात्रका माध्यमबाट विभिन्न भूगोलमा मानवले भोग्नु परेको नियतिलाई उठान गर्दै निम्नवर्गीय जनता तथा मजदुरले भोग्नुपरेको समस्या, वर्गीय द्वन्द्व उनका उपन्यासहरूले नेपाली समाजमा देखिएका यथार्थ समाजको प्रतिविम्ब उतारेका छन् ।

# सन्दर्भ सामग्री सूची


अवस्थी, महादेव, (२०५६), खैरेनीघाट उपन्यासमा आञ्चलिकता, **गरिमा**, (वर्ष १७, अङ्क ८, साउन २०५६ पृ.२७ -३१ ।

गौतम, लक्ष्मणप्रसाद, (२०६८), 'समकालीन नेपाली कथामा आञ्चलिकताको प्रयोग', **समकालीन साहित्य** (अङ्क १, पूर्णाङ्क ६७, माघ, फागुन, चैत पृ.३६-३९ ।

घिमिरे, जगदीश, (२०२७), **लिलाम,** रामेछाप : जगदीश घिमिरे प्रतिष्ठान ।

…………………,(२०३२), **साबिती,** रामेछाप : जगदीश घिमिरे प्रतिष्ठान ।

…………………,(२०६५), **सकस,** रामेछाप : जगदीश घिमिरे प्रतिष्ठान ।

घिमिरे, रोचक (२०३२) **साबिती,** अन्तिम आवरण पृष्ठ, रामेछाप : जगदीश घिमिरे प्रतिष्ठान ।

जोशी, कुमारबहादुर, (२०३८), **पाश्चात्य साहित्यका प्रमुख केही वाद**, काठमाडौँ : पाठ्यक्रम विकास केन्द्र, त्रिभुवन विश्वविद्यालय ।

जैन, नगीना, (इ.१९६७), **आञ्चलिकता और हिन्दी उपन्यास**, नयाँ दिल्ली : अक्षर प्रकाशन ।

ढकाल, नारायण (२०६५) **सकस** उपन्यासको अन्तिम आवरण पृष्ठ लेख, रामेछाप : जगदीश घिमिरे प्रतिष्ठान ।

थापा, मोहनहिमांशु, (२०६६), **साहित्य परिचय**, पाँचौ.संस्क, ललितपुर : साझा प्रकाशन ।

दीक्षित, मदनमणि, (२०३२), 'साबिती र युगबोध : एक परिचर्चा', **समीक्षा** (असार, २०) पृ.८५- ८६ ।

न्यौपाने, टंकप्रसाद, (२०४९), **साहित्यको रूपरेखा**, दोस्रो संस्क, काठमाडौं :साझा प्रकाशन ।

नेपाल, ज्ञानमणि, (२०६९), **सकस** उपन्यासको अन्तिम आवरण लेख, रामेछाप : जगदीश घिमिरे प्रतिष्ठान ।

पाण्डे, नयनराज, (२०६९), **सकस,** उपन्यास अन्तिम आवरण पृष्ठ, रामेछाप : जगदीश घिमिरे प्रतिष्ठान ।

पोखरेल, बालकृष्ण र अन्य, (सम्पा.२०४०), **नेपाली बृहत् शब्दकोश,** काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

पोखरेल, भानुभक्त, (२०४०), **सिद्धान्त र साहित्य**, विराटनगर : श्याम पुस्तक भण्डार ।

प्रधान, कृष्णचन्द्रसिंह, (२०६१), **नेपाली उपन्यास र उपन्यासकार**, चौथो संस्क., ललितपुर : साझा प्रकाशन ।

बराल, ऋषिराज, (२०४५), **आञ्चलिकता र नेपाली उपन्यास**, शिव प्रधान (सम्पा.) बृहत् नेपाली समालोचना, सिक्किम गान्तोक : प्रकाशन ।

बराल, कृष्णहरि र नेत्र एटम, (२०६६), **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, तेस्रो संस्क., ललितपुर : साझा प्रकाशन ।

भट्टराई, शरद्चन्द्र शर्मा, (२०५०), **माध्यमिक नेपाली गद्याख्यान**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान .।

राई, इन्द्रबहादुर, (२०३१), **नेपाली उपन्यासका आधारहरू**, काठमाडौँ : साझा प्रकाशन ।

राय, गोपाल, (ई. १९७३), **उपन्यासका शिल्प**, पटना : बिहार हिन्दी ग्रन्थ अकादमी ।

वर्मा, धिरेन्द्र र अन्य, (सम्पा.२०२०), **हिन्दी साहित्य कोश**, भाग-१ दोस्रो संस्क. ज्ञानमण्डल लिमिटेड : वाराणसी ।

शर्मा, तारानाथ, (२०३९), **नेपाली साहित्यको इतिहास**, दोस्रो संस्क., ललितपुर : साझा प्रकाशन ।

शर्मा, मोहनराज, (२०५५), **समकालीन समालोचना सिद्धान्त र प्रयोग**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान .।

............., (२०६८), 'नेपाली उपन्यासमा आञ्चलिकता,' **समकालीन साहित्य** : (अङ्क १,

पूर्णाङ्क ६७ माघ, फागुन, चैत, २०६८ पृ.६५-६८) ।

श्रेष्ठ, दयाराम (२०५५), **नेपाली साहित्य कोश**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा, (२०३४), **नेपाली साहित्यको संक्षिप्त इतिहास**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, ।

सुवेदी, धनप्रसाद (२०५६), 'नेपाली आञ्चलिक उपन्यासको ऐतिहासिक सर्वेक्षण,' काठमाडौं त्रिभुवन विश्वविद्यालय अप्रकाशित स्नातकोत्तर शोधपत्र ।

सुवेदी, धनप्रसाद (२०६८), 'नेपाली आञ्चलिक उपन्यासका प्रवृत्ति,' काठमाडौंः त्रिभुवन विश्वविद्यालय अप्रकाशित विद्यावारिधि शोधपत्र ।

................., (२०७१), 'नेपाली उपन्यासमा आञ्चलिकता,' **समकालीन साहित्य,** अङ्क ७२,

पृ.६७ -७१ काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

सुवेदी, राजेन्द्र (२०५७), **स्नातकोत्तर नेपाली कथा,** दोस्रो.संस्क., ललितपुर : साझा प्रकाशन ।

..............(२०६४), **नेपाली उपन्यास : परम्परा र प्रवृत्ति,** दोस्रो संस्क., ललितपुर : साझा प्रकाशन ।